**International Research Journal of MMC (IRJMMC)**
**ISSN 2717-4999 (Online) | 2717-4980 (Print)**
**Volume 6, Issue 1 │ March 2025**

# ‘पृथु’ महाकाव्यमा प्रयुक्त महत्वपूर्ण पक्षहरूको मूल्याङ्कन

## (An evaluation of the significant aspects used in the epic *'Prithu'*)

**Dr. Madhusudan Lamichhane[1] │ Dr. Dasarath Neupane[2]**

[1]Baneshwor Multiple Campus
Shantinagar, Kathmandu, Nepal

[2]Baneshwor Multiple Campus
Shantinagar, Kathmandu, Nepal
Email: neupane.dasarath@gmail.com

**Corresponding Author**
Dr. Madhusudan Lamichhane
Email: debarshi.madhu@gmail.com

**To Cite this article:** Lamichhane, M., & Neupane, D. (2025). ‘पृथु’ महाकाव्यमा प्रयुक्त महत्वपूर्ण पक्षहरूको मूल्याङ्कन (An evaluation of the significant aspects used in the epic ‘Prithu’). *International Research Journal of MMC*, *6*(1), 311–338. https://doi.org/10.3126/irjmmc.v6i1.78245

**Submitted**: 10 January 2025 **Accepted:** 25 January 2025 **Published:** 31 March 2025

## लेखसार

‘पृथु’ महाकाव्य महाकवि सीताराम अधिकारीद्वारा २१ वटा सर्गमा रचना गरिएको ऐतिहासिक महाकाव्य हो । महाकाव्यभित्र चर्चित नेपालको पहिचान, प्राचीन नेपालको स्वरूप, खण्डित नेपालको अवस्था, ,शासकका कुकृत्य, क्रान्तिको आवश्यकता, नेपालमाथि षडयन्त्रकारीको दृष्टि, न्यायिक विचलन, स्वार्थी र अहङ्कारी प्रवृत्ति, मानवमा आसुरी भाव, युद्धवर्णन, राष्ट्रप्रेम, नीति चेतना, राष्ट्रिय एकताको आवश्यकता, परोपकार र मानवतावादी भावना, आध्यात्मिक ज्ञान तथा पौराणिक प्रसङ्ग, मातृमहिमा, प्रकृति चित्रण र राजा पृथुका प्रवृत्ति, देहावसान र अमरताका क्षेत्रमा दिइएको सन्देशका बारेमा चर्चा गर्नु नै यस लेखको मूल मर्म हो । उपर्युक्त विषयवस्तुसँग सम्बन्धित पद्यहरूका आधारमा वास्तविकताको बोध गराउँनु नै यस लेखको मूल उद्देश्य हो । पुस्तकालयमा गई सम्बन्धित व्यक्तिको कृतिको पठनविधि प्रयोग गरी ‘पृथु’ महाकाव्यभित्र उल्लेख भएका उपर्युक्त पक्षलाई पद्य विश्लेषण विधिका आधारमा प्रस्तुत रचना तयार गरिएको छ । ‘पृथु’ महाकाव्यभित्रका माथि उल्लेखित विषयवस्तुहरूलाई प्राथमिक स्रोतका रूपमा मानिएको छ । प्रस्तुत महाकाव्यमा नेपालको पहिचानदेखि राजा पृथुका प्रवृत्ति, देहावसान र अमरतासम्मका १८ वटा विषयवस्तुसँग सम्बन्धी उल्लेख भएका विविध सामग्रीहरूलाई सहायक सामग्रीका रूपमा अपनाइएको छ । प्रस्तुत महाकाव्यमा नेपालको पहिचान, प्राचीन नेपालको स्वरूप, खण्डित नेपालको अवस्था,


©2025 The Author(s).

शासकको कुकृत्य, क्रान्तिको आवश्यकता, नेपालमाथि षडयन्त्रकारीको दृष्टि, न्यायिक विचलन, स्वार्थी र अहङ्कारी प्रवृत्ति, मानवमा आसुरी भाव, युद्धवर्णन, राष्ट्रप्रेम, नीति चेतना, राष्ट्रिय एकताको आवश्यकता,परोपकार र मानवतावादी भावना, आध्यात्मिक ज्ञान तथा पौराणिक प्रसङ्ग, मातृमहिमा, प्रकृति चित्रण र राजा पृथुका प्रवृत्ति, देहावसान र अमरताजस्ता विषयहरूको सन्देश के कसरी प्रस्तुत भएको छ, ? अखण्ड, सवल र सक्षम राष्ट्र निर्माणका लागि के कस्ता कार्य हुनु आवश्यक छ ? राष्ट्रिय एकता के कसरी गर्न सकिन्छ ? जस्ता विषयसँग सम्बद्ध पद्यहरूको चर्चा गर्न खोजिएको छ । पद र प्रतिष्ठाको दुरूपयोग गर्ने, राष्ट्रोन्नतिका लागि बाधक बन्ने प्रवृत्तिलाई हतोत्साहित गर्दै समुन्नत राष्ट्र निर्माणका निम्ति र राष्ट्रलाई अखण्ड एवं स्वाभिमानी बनाउँने प्रसङ्गहरू उल्लेख गर्दै राष्ट्रप्रेमका भावनाहरूलाई उजागर गर्ने प्रयत्न गरिएको छ । प्रस्तुत लेख वर्णित विषयहरूका माध्यमबाट आजको राष्ट्रप्रति समस्त मानवको कर्तव्यबोधका बारेमा उल्लेख गरिएकोले 'पृथु' महाकाव्यको अध्ययन एवं अनुसन्धान गर्ने अनुसन्धाताहरूका लागि पनि प्रस्तुत लेख्य सामग्री उपयोगी हुने छ ।

***शब्दकुञ्जी:*** शासक, राष्ट्रप्रेम, अहङ्कार, युद्धवर्णन, षड्यन्त्र

## Abstract

The epic *Prithu* is a historical work composed by poet Sitaram Adhikari in 21 cantos. This article focuses on evaluating the significant themes presented within the epic, including Nepal's identity, the ancient form of Nepal, the fragmented state of the nation, the misdeeds of rulers, the need for revolution, conspiracies against Nepal, judicial deviations, selfish and arrogant tendencies, demonic traits in humans, depictions of war, patriotism, moral consciousness, the necessity of national unity, altruism and humanitarian sentiments, spiritual knowledge and mythological references, maternal glory, depictions of nature, the attributes of King Prithu, his demise, and the message of immortality. The primary objective of this article is to provide a sense of reality based on the poetic verses related to the aforementioned topics. Using the reading methodology of the poet's work in libraries, this study analyzes the mentioned aspects of the epic using the method of verse analysis. The subjects discussed in the epic are considered as primary sources, while supporting materials related to the 18 topics mentioned — from Nepal's identity to the attributes, demise, and immortality of King Prithu — have been adopted as auxiliary resources. The epic sheds light on themes such as Nepal's identity, the ancient form of Nepal, the fragmented state of the nation, the misdeeds of rulers, the necessity of revolution, conspiracies against Nepal, judicial deviations, selfish and arrogant tendencies, demonic traits in humans, depictions of war, patriotism, moral consciousness, the necessity of national unity, altruism and humanitarian sentiments, spiritual knowledge and mythological references, maternal glory, depictions of nature, and the attributes, demise, and immortality of King Prithu. The article seeks to explore how these themes are presented, the necessary steps for building a unified, strong, and capable nation, and the means to achieve national unity. By discouraging tendencies that misuse power and prestige or hinder national development, the article highlights instances that promote the construction of a prosperous, sovereign, and unified nation while emphasizing patriotism. Through these themes, this article aims to instill a sense of responsibility among all individuals toward the nation today. It also serves as a useful resource for researchers studying or conducting research on the epic *Prithu*.

***Keywords:*** ruler, patriotism, arrogance, war depiction, conspiracy

## १. समस्या कथन तथा उद्देश्य

जात, भूगोल, वर्ण, लिङ्ग, बल, पराक्रम, शक्ति, पद, प्रतिष्ठा आदिका नाममा इर्ष्या, घृणा, दमन, शोसन आदि गरी अखण्ड राष्ट्रलाई टुक्राटुक्रा बनाई राष्ट्रकै अस्तित्व कुचक्रमा फस्न लाग्ने अवस्था नआओस्, स्वतन्त्र, स्वाभिमानी र स्वाधिनताका साथ अखण्डराष्ट्र र राष्ट्रिय एकता अपरिहार्य छ भन्दै शासकहरू स्वार्थभन्दा माथि उठी स्वाधिन, सबल र समुन्नत राष्ट्र निर्माण गर्नु नै यस अनुसन्धानात्मक लेखको समस्या हो । महाकवि सीताराम अधिकारीले रचना गरेको 'पृथु' महाकाव्यमा प्रयुक्त विविध विषयहरूको पहिचान तथा विश्लेषण गर्नु नै यस अनुसन्धानात्मक लेखको मुख्य प्रयोजन हो । राष्ट्रसँग सम्बन्धित प्रस्तुत महाकाव्यमा नेपालको पहिचान, प्राचीन नेपालको स्वरूप, खण्डित नेपालको अवस्था, शासकको कुकृत्य, क्रान्तिको आवश्यकता, नेपालमाथि षडयन्त्रकारीको दृष्टि, न्यायिक विचलन, स्वार्थी र अहङ्कारी प्रवृत्ति, मानवमा आसुरी भाव, युद्धवर्णन, राष्ट्रप्रेम, नीति चेतना, राष्ट्रिय एकताको आवश्यकता, परोपकार र मानवतावादी भावना, आध्यात्मिक ज्ञान तथा पौराणिक प्रसङ्ग, मातृमहिमा, प्रकृति चित्रण र राजा पृथुका प्रवृत्ति, देहावसान र अमरता आदिको अध्ययन गर्नु यसको उद्देश्य हो ।

### १.१ अध्ययनको औचित्य

''पृथु' शीर्षकको महाकाव्य २१ सर्गमा रचना गरिएको ऐतिहासिक महाकाव्य हो । प्रस्तुत महाकाव्यमा अखण्ड राष्ट्रका लागि आवश्यक कर्तव्यहरूसँग सम्बन्धित पद्यहरूको विश्लेषणमा यो आलेख केन्द्रित छ । पृथु अर्थात् पृथ्वीनारायण शाहको राष्ट्रप्रेमदेखि उनका प्रवृत्ति, देहावसान र अमरतासम्मका विषयवस्तुसँग सम्बन्धित पद्यहरूको चर्चा गर्नु नै यसको औचित्य हो ।

### १.२ अध्ययनको सीमा

कवि सीताराम अधिकारीद्वारा रचित 'पृथु' महाकाव्यमा विशाल नेपालसँग सम्बन्धित नेपालको पहिचान, प्राचीन नेपालको स्वरूप, खण्डित नेपालको अवस्था, शासकको कुकृत्य, क्रान्तिको आवश्यकता, नेपालमाथि षडयन्त्रकारीको दृष्टि, न्यायिक विचलन, स्वार्थी र अहङ्कारी प्रवृत्ति, मानवमा आसुरी भाव, युद्धवर्णन, राष्ट्रप्रेम, नीति चेतना, राष्ट्रिय एकताको आवश्यकता, परोपकार र मानवतावादी भावना, आध्यात्मिक ज्ञान तथा पौराणिक प्रसङ्ग, मातृमहिमा, प्रकृति चित्रण र राजा पृथुका प्रवृत्ति, देहावसान र अमरतासँग सम्बन्धित पद्यहरूको खोजी र चर्चा गर्नुमा मात्र यो लेख सीमित छ । राष्ट्र निर्माणसँग सम्बन्धित पद्यहरूलाई विषयकेन्द्री बनाइएको छ ।

### १.३ अध्ययनको विधि

'पृथु' शीर्षकको महाकाव्यमा चर्चा गरिएका विविध विषयवस्तु वा प्रसङ्गमध्ये प्रस्तुत महाकाव्यमा नेपालको पहिचान, प्राचीन नेपालको स्वरूप, खण्डित नेपालको अवस्था, शासकको कुकृत्य, क्रान्तिको आवश्यकता, नेपालमाथि षडयन्त्रकारीको दृष्टि, न्यायिक विचलन, स्वार्थी र अहङ्कारी प्रवृत्ति, मानवमा आसुरी भाव, युद्धवर्णन, राष्ट्रप्रेम, नीति चेतना, राष्ट्रिय एकताको आवश्यकता,परोपकार र मानवतावादी भावना, आध्यात्मिक ज्ञान तथा पौराणिक प्रसङ्ग, मातृमहिमा, प्रकृति चित्रण र राजा पृथुका प्रवृत्ति, देहावसान र अमरतासँग आवद्ध केही पद्यहरूको विश्लेषण गरिएको छ। सामग्री सङ्कलनमा स्वयं रचनाकारले रचना गरेको 'पृथु' शीर्षकको महाकाव्यका संवद्ध पद्यहरूको प्रयोग गरिएको छ । पुस्तकालयका केही सामग्रीहरूलाई समेत अध्ययन गरी विश्लेषित सामग्रीको चर्चा गरिएको छ। माथि वर्णित विषवस्तुको व्याख्या सहितका केही पद्यहरूको अध्ययन र व्याख्या गरी विश्लेषणका साथ निष्कर्ष निकालिएको छ।

## २. विषयप्रवेश

महत् काव्यं अर्थात् ठुलो काव्य नै महाकाव्य हो। महाकाव्यका सम्बन्धमा पूर्वीय आचार्यहरूले आफ्ना आफ्ना मान्यताहरू प्रस्तुत गरे पनि चौधौं शताब्दीका आचार्य विश्वनाथले महाकाव्य सम्बन्धी दिएको परिभाषालाई सर्वोपरि मानिएको पाइन्छ। उनीले आप्नो कृति साहित्यदर्पणमा महाकाव्यको परिभाषा यसरी उल्लेख गरेका छन्।

सर्गबन्धो महाकाव्यस्तत्रैको नायकः सुरः
सद्वंशः क्षत्रियो वापि धीरोदात्त गुणान्तिः
एकवंशभव भूपाः कुलजा बहबोकपिवाः
श्रृङ्गारवीर शान्तानामेकोकङ्गी रसइष्यते ॥
**.............**कवेर्वृत्तस्य वा नाम्ना नायकस्येतरस्य वा
नामस्य सर्गोपादेयकथया सर्गनामतु ॥ (साहित्यदर्पण ६:३१५–३२५)

अर्थात् महाकाव्य सर्गवद्ध हुन्छ र त्यसको नायक शूर, सद्वंशी, क्षत्रीय, एकै वंशको हुन्छ। श्रृङ्गार, वीर र शान्त रसमध्ये कुनै एक अङ्गी र अन्य रस अङ्ग हुनुपर्दछ । कथानक नाटकीय पञ्चसन्धिसमन्वित हुनुपर्दछ । इतिहास प्रसिद्ध हुनुपर्छ। काव्य मङ्गलाचरणबाट आरम्भ भई सज्जनको प्रशंसा र दुर्जनको निन्दा गरिएको हुनुपर्छ । धेरै लामा पनि नभएको र धेरै छोटा पनि नभएका कम्तिमा आठ सर्ग हुनुपर्छ। सर्गको अन्तमा पृथक छन्दबाट भावी सर्गको सूचना हुनुपर्छ। महाकाव्यमा समस्त कालचक्र, स्वर्गदेखि धर्तीसम्मको परिवेश हुनुपर्छ। नायक, कथानकका नामबाट महाकाव्यको नामकरण गरिएको हुनुपर्छ । सत्को विजय देखाइएको हुनुपर्छ । विविध छन्द, अलङ्कार, रसको प्रयोग गरिएको हुनुपर्छ।

नेपाली भाषामा महाकाव्य लेख्ने पहिलो महाकाव्यकार उदयानन्द अर्ज्याल हुन्। उनीले वि.सं. १८४० मा 'पृथ्वीन्द्रोदय' शीर्षकको महाकाव्यको रचना गरेको पाइन्छ । प्रकाशनका दृष्टिकोणले भानुभक्तको रामायण र

लेखनका दृष्टिले उदयानन्दको पृथ्वीन्द्रोदय महाकाव्यले अग्रस्थान कायम गरेका छन्। उदयानन्दले आरम्भ गरेको महाकाव्य लेखन परम्परा वर्तमान समय अर्थात् सीताराम अधिकारीको 'पृथु' शीर्षकको महाकाव्यसम्म आउँदा करिव १५० भन्दा बढी महाकाव्यको रचना भएको देखिन्छ। महाकाव्यकारहरूमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको स्थान अग्रपङतिमा रहेको छ भने पहिलो नारी महाकाव्यकारका रूपमा बुनू लामिछाने देखापरेकी छिन्। "जति महाकाव्यकार छन् ती प्राय सबै संस्कृत भाषा साहित्यबाट प्रभावित देखिन्छन्, तर पनि देवकोटा युगमै देवकोटाले शाकुन्तलमा स्वच्छन्दवाद र गद्य महाकाव्य त्यसमाथि पश्चिमी कथा र शैली लिएर प्रमिथस अनि पूर्व र पश्चिमी शैलीमा मिश्रण गरी दार्शनिक ढङ्गमा समले चिसो चुल्हो दिएपछि त्यसको समकक्ष पुग्ने नवीन शैलीको अर्को महाकाव्य देखिएन भन्दा हुन्छ।" (विनयकुमार शर्मा नेपाल, नेपाली महाकवि र महाकाव्य, २०५९, पृष्ठ ४२)। करिव २२१ वर्षसम्मको लामो समयावधिमा नेपाली काव्यसाहित्यमा थुप्रै महाकविहरू देखापरे । आजका ती महाकाव्यकारको पङ्तिमा महाकवि सीताराम अधिकारीले पनि आफ्नो स्थान सुरक्षित राख्न सफल भएका छन्।

## ३. व्याख्या र विश्लेषण

'पृथु' महाकाव्यभित्र वर्णित नेपालको पहिचान, प्राचीन नेपालको स्वरूप, खण्डित नेपालको अवस्था, शासकको कुकृत्य, क्रान्तिको आवश्यकता, नेपालमाथि षडयन्त्रकारीको दृष्टि, न्यायिक विचलन, स्वार्थी र अहङ्कारी प्रवृत्ति, मानवमा आसुरी भाव, युद्धवर्णन, राष्ट्रप्रेम, नीति चेतना, राष्ट्रिय एकताको आवश्यकता, परोपकार र मानवतावादी भावना, आध्यात्मिक ज्ञान तथा पौराणिक प्रसङ्ग, मातृमहिमा र राजा पृथुका प्रवृत्ति, देहावसान र अमरता जस्ता विषयवस्तुहरूको व्याख्या र विश्लेषण गरिएको छ।

### ३.१ रचयिता र रचना

'पृथु' महाकाव्य कवि सीताराम अधिकारीद्वारा रचना गरिएको ऐतिहासिक पद्य महाकाव्य हो। पिता चक्रपाणि अधिकारी र माता लीलादेवी अधिकारीका सुपुत्र सीताराम अधिकारीको जन्मभूमि गोर्खा र जन्ममिति २००२ साल हो। सानैदेखि मेधावी व्यक्तित्वका रूपमा आफ्नो पहिचान कायम गर्न सफल सीताराम अधिकारी २०२४ सालमा एस.एल.सी उत्तीण गरेर उच्च शिक्षा आर्जन एवं वृत्ति विकाशका लागि २०२७ सालमा देशको राजधानी काठमाडौंमा आई अनेकौं सङ्घर्षका साथ अगाडि बढ्दै २०३७ सालदेखि त्रिभुवन विश्वविद्यालयसँग आबद्ध भई लामो समयसम्म प्राध्यापन पेशामा समर्पिण भएर अहिले सेवा निवृत्त भई निरन्तर काव्यसाधनामा लागेको देखिन्छ। २०२० सालमा भएको विद्यालयीय कविता प्रतियोगितामा 'मेरो देश नेपाल' शीर्षकको कविता लेखन तथा वाचनबाट कविता क्षेत्रमा उदाएका अधिकारीले कोयली (लघुकाव्य) २०३३, आमा (शोककाव्य) २०३७, मेरो लेक (कवितासङ्ग्रह) २०५६, यात्रा रोकिन्न (कवितासङ्ग्रह) २०५७, देवघाट (काव्य) २०५७ जस्ता अन्य थुप्रै कृतिहरू लेखन तथा प्रकाशन गर्दै अहिले 'पृथु' शीर्षकको महाकाव्यको रचना गरी महाकविका रूपमा स्थापित भएर उहाँले नेपाली काव्य साहित्यको भण्डार भर्नमा निकै ठुलो योगदान दिइसक्नु भएको छ। यतिमात्र होइन, उहाँले अङ्ग्रेजी भाषामा अनुदित कृतिहरू समेत लेखी अङ्ग्रेजी एवं नेपाली काव्य साहित्यको श्रीवृद्धिमा आफ्नो

साहित्यिक ऊर्जा खर्च गर्नु भएको छ । साथै गोर्खा सर्जक समाजको अध्यक्षजस्तो गरिमामय पदमा रही आफ्नो जिल्लाका साहित्यिक गतिविधिमा समेत योगदान पुऱ्याएको देखिन्छ ।

'पृथु' महाकाव्य पौराणिक ग्रन्थका आधारमा पृथु, राजा वेणको मृत शरीरलाई मन्थन गरेर प्रकट भएका एक राजा हुन् । पृथु जनप्रेमी एवं विकाशप्रेमी राजा हुन् । महाकाव्यमा यहाँ 'पृथु' भन्ने शब्दले पृथ्वीनारायण शाहलाई जनाएको छ । उनी नेपाल राष्ट्र निर्माता हुन् । उनकै जीवनीमा आधारित 'पृथु' महाकाव्य २१ सर्गमा रचना गरिएको ऐतिहासिक महाकाव्य हो । पहिलो सर्गदेखि एक्काइसौं सर्गसम्म क्रमशः अक्षरको आराधना, पृथुको अवतरण, राज्य विचरण, नेपालको खण्डीकरण, दुष्कालको प्रवेश, जननीको आशीर्वाद, चेतनको विस्तार, तितिक्षा, चेतनाको आलोक, उपनयन/विवाह, गोप्य भ्रमण, युद्ध आयोजना, राज्यारोहण, काशीयात्रा, नुवाकोट विजय, कीर्तिपुर विजय, उपत्यका विजय, शत्रु निष्काशन, पूर्वको विजय, दिव्योपदेश र उपसंहार गरी २१ शीर्षकहरू छन् । पहिलो सर्गदेखि एक्काइसौँ सर्गसम्म क्रमशः ५०, ५७, ५७, ५०, ७५, ६२, १०४, १०४, ४८, ५५, ३३, ५२, ६३, ५१, ७५, ७, ७०, ५०, ६३, ५५, ३५ गरी जम्मा पद्यसङ्ख्या १२८६ रहेका छन् । पद्यसङ्ख्या कम भएको सर्ग एघारौँ हो जहाँ ३३ पद्य मात्र रहेका छन् भने सबैभन्दा लामा सर्ग सातौं र आठौंमा क्रमशः १०४, १०४ पद्य रहेका छन् । छन्द प्रयोगका दृष्टिले स्रग्धरा, शार्दूलविक्रीडित, मन्दाक्रान्ता, शिखरिणी, अनुष्टुप्, वसन्ततिलका, पञ्चचामर, इन्द्रबज्रा, उपेन्द्रबज्रा, उपजाति, तोटक, भुजङ्गप्रयात, स्रग्विणी, वंशस्थ आदि गरी जम्मा ३३ वटा छन्दको प्रयोग गरिएको छ । हरेक छन्दहरू गण्डकी नदीको प्रवाहझैँ सललल बगेका छन् ।

'पृथु' महाकाव्यमा प्रयुक्त नेपालको पहिचान, प्राचीन नेपालको स्वरूप, खण्डित नेपालको अवस्था, शासकको कुकृत्य, क्रान्तिको आवश्यकता, नेपालमाथि षडयन्त्रकारीको दृष्टि, न्यायिक विचलन, स्वार्थी र अहङ्कारी प्रवृत्ति, मानवमा आसुरी भाव, युद्धवर्णन, राष्ट्रप्रेम, नीति चेतना, राष्ट्रिय एकताको आवश्यकता, परोपकार र मानवतावादी भावना, आध्यात्मिक ज्ञान तथा पौराणिक प्रसङ्ग, मातृमहिमा, प्रकृति चित्रण र राजा पृथुका प्रवृत्ति, देहावसान र अमरता जस्ता महत्वपूर्ण विषयवस्तुको मूल्याङ्कन गरिएको छ ।

## ४. महाकाव्यमा प्रयुक्त महत्वपूर्ण पक्षहरू

पूर्वीय आचार्यहरूले महाकाव्यको विषयवस्तु इतिहासबाट वा कविकल्पित कुनै सज्जनको जीवनीबाट लिइएको हुनुपर्छ भन्ने मान्यतालाई आत्मासाथ गरी कवि अधिकारीले नेपालको एकीकरण गर्ने बडामहाराजधिराज पृथ्वीनारायण शाहलाई काव्यनायकका रूपमा स्थापित गरी उनको वीरता, साहस, आँट, त्याग र समर्पणको भाव, आदिलाई आधारभूमि बनाई 'पृथु' शीर्षकको महाकाव्यको रचना गर्नु भएको छ । यसभित्र थुप्रै पक्षहरू छन्, जसलाई निम्नानुसार प्रस्तुत गरिएको छः

### ४.१ नेपालको पहिचान

पृथ्वीनारायण शाहले नेपालको पहिचान गराउने सन्दर्भमा नेपाल चार जात छत्तीस वर्णको फूलबारी हो । यहाँ अनेक जातजातिरूपी फूलहरू फुल्छन् र सुवास बहाउँछन् । भौगोलिक, सांस्कृति, भाषिक, धार्मिक, सामाजिक आदि दृष्टिकोणले नेपाल सुन्दर, शान्त र विशाल छ । यहाँ साम्प्रदायिक एकता, जातिय एकता, धार्मिक सद्भाव छ ।

सेवा नै धर्म हो भन्ने मान्यतालाई आत्मासाथ गरी कार्य गर्नु, चाँदीमय हिमश्रृङ्खलाहरूले पहरा दिनु, स्वयम्भूका आँखाले न्याय व्यवस्थापन गरिनु, बुद्धका वाणीहरूलाई व्यवहारमा रूपान्तर गरी कार्य सम्पादन गर्नु, मानिस मानिसका बीचमा सुसम्बन्ध कायम गर्नु नै नेपालको पहिचान हो। प्रस्तुत 'पृथु' महाकाव्यमा रचयिता सीताराम अधिकारीले नेपालको पहिचान यसरी गराउनु भएको छः

विशाल हिमवत् खण्ड स्वयम्भू शाम्भवी घर
बस्दछन् शिवका भक्त छैन क्यै आसुरी डर
शैव रक्षित यो भूमि बाबा गोरखनाथले
रेखदेख गरेका छन् जीवन्त पुण्यधर्मले ॥ (६.२८. पृष्ठ ५६)
देवदेवी बसेको यो स्वर्णभूमि पवित्र छ
देवताको महाशक्ति यै माटोमा सशक्त छ
आसुरी शक्तिको कत्ति स्थान छैन यहाँ कुनै
आए असुर अस्ताए शक्तिका सामुमा तिनै ॥ (६.३१. पृष्ठ ५७)

अर्को ठाउँमा कविले नेपालको पहिचान गराउँनका लागि यस प्रकारको पद्यको प्रयोग गरेको भेटिन्छ।

यो सभ्यताको पहिलो तपोघर
बस्छन् स्वयम्भू छ पवित्र मन्दिर
देखेर यो सुन्दर सिर्जना सबै
प्रफुल्ल हुन्छन् छ कला अचम्मकै ॥ (१५.५६. पृष्ठ १६२)

नेपाल जस्तो निकै सुन्दर देशमा परचक्रीका आँला लाग्दा यो राष्ट्रको अस्तित्व कतै खतरामा पर्न सक्छ कि भनी पृथ्वीनारायण शाहका माध्यमबाट कवि नेपालको पहिचानका सम्बन्धमा यसरी बोल्दछन्ः

प्यारो यो इतिहास कान्तिपुरको मैलिन्छ मेटिन्छ कि
यो देवस्थल हो यहाँ प्रकृतिको राम्रो थियो चक्चकी
उम्दा सृष्टि उपत्यका छ यसमा स्वर्लोक भूलोकमा
देवी देव र मन्दिरै प्रमुख छन् अध्यात्म भूखण्डमा ॥ (१७.२७. पृष्ठ १८३)

राष्ट्र के हो र यसलाई कसरी जोगाउनु पर्छ भन्ने सन्दर्भमा कवि यसरी प्रस्तुत हुन्छन्ः

पुर्खाको सिर्जाना हाम्रो तराई शैल फाँट यो
पौरखी पाखुराबाट आर्जेको तपभूमि हो
आर्य अनार्य जो जो छन् सबैको प्रिय देश यो

एउटै सूत्रमा बाँधी छातीमा राख्नु पर्छ यो ॥ (१७.६७. पृष्ठ १९०)

यसै गरी १८.९. र १८.१०. मा पनि नेपालको पहिचान सम्बन्धी कविले आफ्नो विचार व्यक्त गरेको पाइन्छ । यस्तो महिमा र गरिमामय राष्ट्रको महत्व नबुझी जथाभावी निर्णय गर्ने, सत्तामा टिकीराख्न जे पनि गर्न तम्सिने शासकका निन्दनीय कृयाकलाप देखी कवि निकै चिन्तित भएको पाइन्छ ।

**४.२ प्राचीन नेपाल**

तात्कालिक बडामहाराजधिराज पृथ्वीनारायण शाहले यो सुन्दर नेपाल निर्माण गर्नुभन्दा अगाडिको नेपाललाई प्राचीन नेपालको संज्ञा दिइएको छ । प्राचीन नेपाललाई योगसाधनामा समर्पित व्यक्तित्वको साधनस्थल ऋषिमहर्षिहरूको तपोमय जीवन बितेको तपोभूमिस्थल, राजा जनकले जीवनोपयोगी ज्ञान प्रवाह गरेको ज्ञानभूमि, सबै जनताले जीविकोपार्जका लागि कर्म गरेको कर्मभूमिका रूपमा रहेको विषयलाई वर्णन गरिएको छ । तात्कालिक नेपालका सम्बन्धमा कविले काव्यमा यसरी प्रस्तुत भएका छन्ः

पैलो उदार दिलको घर हो विशाल
बस्थे मिलेर परिवार थियो सुकाल
सद्भावको महलभित्र थिएन भेद
आनन्दको समय शान्त सधैं सफेद ॥ (५.१२. पृष्ठ ४१)
यस्तो सुरम्य धरणी ऋषिको सुनाम
बस्छन् सधैं शिवशिवा प्रिय तीर्थधाम
के स्वार्थले गति लियो कुन छेद निस्क्यो
स्वर्लोकको क्षति भयो सुन देश झस्क्यो ॥ (५.१३. पृष्ठ ४१)
एकताको महाशक्ति प्राच्य नेपालमा थियो
शत्रु साधनका निम्ति कालीको अर्चना भयो
विदेशीको थियो मोह यहाँको चारुताप्रति
गरे हुन् यत्न षड्यन्त्र सकेनन् पस्न हत्पति ॥ (७.७. पृष्ठ ६४)

नेपाल शिव पार्वतीले तपस्या गरेको तपोभूमि, ऋषिमुनिहरूले साधना गरेको साधनस्थल, ज्ञानीमहात्महरूले यज्ञ गरेको यज्ञस्थल वा काम, क्रोध, लोभ, मोह, मात्सर्य जस्ता षडरिपुविमाथि विजय प्रप्त गरेको सुन्दर, शान्त र सद्भावनाले भरिएको  विशाल भूमि हो । जहाँ समस्त जनताहरूले हृदयले माटालाई चुम्दथे । अमृतमय खाद्यपदार्थ उत्पादन गर्दथे । वैरभाव कतै पनि थिएन । यस्तो हेर्दै, सुन्दै लोभ लाग्दो प्राचीन नेपालको चर्चा गरेर काव्यलाई कविले पठनीय तथा श्रवणीय बनाएको पाइन्छ ।

### ४.३ खण्डित नेपालको अवस्था

"थुत्तिन्छ पत्ता जब खात खात, सिद्धिन्छ शोभा अनि फूलबाट।" प्रस्तुत कवितांश माधवप्रसाद घिमिरेद्वारा रचना गरिएको राष्ट्रनिर्माता खण्डकाव्यभित्रका हुन्। परिवार होस् वा समाज वा राष्ट्र विचार एवं व्यवहारका कारण खण्डखण्ड हुँदै गयो भने त्यसको समस्त अस्तित्व समाप्त हुन बेर लाग्दैन। प्रचीन नेपाल एक थियो। केहीपछि शक्तिको दुरूपयोग गरेर राज्यहरू खण्डित हुन थाले। शासकहरू अहङ्कारको पोको बोकेर आफूलाई महान सम्झना थालेपछि सुन्दर नेपाल खण्डखण्डमा परिणत हुँदै गयो। 'पृथु' महाकाव्यमा कवि सीताराम अधिकारीले खण्डित नेपालको चर्चा यसरी गरेका छन्ः

टुटेका टुक्रा छन् वरपर ससाना अधिकता
दुखेका आस्था छन् कति कति दुखे छैन ममता
चले दुष्कर्मीको असुर मतिले दुष्ट भुमरी
उडायो आस्थाको सुखमय छटा लोक लहरी॥ (४.७. पृष्ठ ३१)
छ काया एकै नै तर किन रुचि स्वाद फरक
कुनै गोरा काला रङ र मन मात्रै छ फरक
कसैमा सेवाको अतिशय छ इच्छा मन दया
कसैमा मेवाको फल रस लिने मात्र छ सदा॥ (४.४१. पृष्ठ ३६)
आकाश खस्छ कि यतै चुहिंदो छ पानी
आँखा भरिन्छ जलले अनि रुन्छ नानी
ओतै विनाश कति छन् अझ भत्किंदैछन्
दुख्दै छ देश जनता दुख दैन्यमा छन्॥ (५.१९.पृष्ठ ४२)
सिङ्गो धर्ती कहाँ खोज्नु खण्ड खण्ड भएपछि
सिङ्गो आकाश के खोज्नु अंशबन्डा गरेपछि
आफ्नै भन्न कहाँ मिल्छ अरुलाई दिएपछि
खान्छ अर्कै खुचिङ् गर्दै अधिकार लिएपछि॥ (७.६१. पृष्ठ ७३)

खण्डित हुनु नै अधोगतिको लक्षण हो। चाहे परिवार होस् चाहे समाज एकताका साथ अगाडि बढ्यो भने बाह्य शत्रुहरू बोल्ने पनि आँट समेत गर्दैनन्। आर्थिक, बौद्धिक, सामाजिक, न्यायिक आदि सबै क्षेत्रको उन्नति नै एकताका माध्यमबाट हुन्छ भन्दै जात, भूगोल, भाषा, धर्म, लिङ्ग, वर्ण आर्थिक भिन्नता, पद प्रतिष्ठा आदिका कारणबाट फुटको वातावरण तयार गर्नु हुँदैन। अखण्ड नै सर्वोच्च शक्ति हो भन्ने सन्देश कविले प्रस्तुत गरेका छन्।

### ४.४ शासकका कुकृत्य

कुकृत्यको अर्थ दुष्कर्म हुन्छ। माटो, मान्छे वा समस्त प्राणीका लागि गरिने कुकर्म नै कुकृत्य हो। समस्त मानव कल्याणका लागि शासन सत्तामा पुगेका शाषकहरूबाट वैयक्तिक स्वार्थका लागि गरिने खराव कार्यहरू नै

शाषकका कुकृत्य हुन् । सत्ता र शक्तिको आडमा निच र धुर्त पात्रहरूको निर्देशनमा निन्दनीय कार्यहरू हुँदै आएका छन् । राष्ट्रको अर्थ लुटेराहरूको हातमा छ । धन्धुकारी प्रवृत्तिका पात्रहरू उन्मत्त भएर वैयक्तिक उन्नतितर्फ लागेको देखिन्छ । अनैतिकता र बेमानका कारण शासकको उचो शिर हुन सकेको अवस्था छैन । कानुनको दूरूपयोग गरिएको छ । यिनै कारणले छिमेकी राष्ट्रको कुदृष्टि परेको छ । शासक नै बाघ बनेपछि अरुको के लाग्दछ र भनी कवि निरास भएको अवस्था छ । टाउको नै बिग्रेपछि गोडा सही ठाउँमा जान सक्दैनन् । केन्द्रदेखि गाउँसम्म भएका शासकका कृयाकलापहरू निकै निन्दनीय छन् । यिनै भावहरूलाई कविले पद्यमा यसरी प्रस्तुत गरेका छन्ः

सत्ता र शक्तिप्रति भक्ति राखी
खेले अनेकौँ खलपात्र डाकी
लुटे लुटाए धनका भकारी
उन्मत्त बन्दै सब धन्धुकारी ।। (३.५५. पृष्ठ २९)
कतै यात्रा बिग्रे पछि पछि सयौं शासक गल
जिराहा अड्बाङ्गे अघि अघि हुँदा कानुन छले
भएको जो बुद्धि प्रिय हुन सकेन स्खलित भो
लुटेराको चर्को चरम गतिमा लूट चुलियो ।। (४.३१. पृष्ठ ३५)
बोल्दैन कानुन यता बरु मौन बस्छ
सुन्दैन शासन उता अझ रज्जु कस्छ
के राज्य भन्नु अब झम्टन खोज्छ बाज
के आस गर्नु जब शासक बन्छ बाघ ।। (५.४. पृष्ठ ३९)
स्वातन्त्र्यमा छ गरिमा तर छैन आज
बेचेर बन्दछ अहं किन दुष्ट बाज
बिर्सेर जन्म जननी किन लोभ जाग्यो
दुर्नाममा छ रमिता किन मात लाग्यो ।। (५.७३. पृष्ठ ५१)
स्वभावै मात्तिने खाने बिगार्ने अरुको घर
छैन इज्जत मर्यादा मान्दैनन् नीतिको डर
राख्दैनन् मानवी दृष्टि बाँदरे चाल चल्मल
लुटेर खान पल्केका धर्तीका दुष्ट घैमल ।। (६.१७. पृष्ठ ५४)
अगुवाले गरे गल्ती नीति कानुन लङघन
सानै भूल बनी ठूलो दुःख दिन्छ कुनै दिन
परिवेश र कर्ताको बिच बेमेल जन्मदा
समस्या हुन्छ उत्पन्न मिचे कानुनका दफा ।। (६.५०. पृष्ठ ६०)

शासकका कुकृत्यका सम्बन्धमा कवि अधिकारीले थुप्रै पद्यहरूको रचना गरेको पाइन्छ। ती मध्ये ७.६७., ७.९१., ९.२३., १०.२८., १८.३१. महत्वपूर्ण पदका रूपमा रहेका छन्। अग्रजका कर्मपद्धतिहरू बिग्रदै जानाले आज राज्यका सबै अवयवहरू अस्तव्यस्त भएको छन्। शासकलाई देख्दा श्रद्धाले शिर निहुनु पर्ने हो तर उनीहरूको अनुहार सम्झदा मात्रै पनि अत्यधिकका मनमा घृणाको भाव पैदा भएको छ। शासकको स्वभाव र व्यवहारमा परिवर्तन नआउँदासम्म देश अधोगतितर्फ लागिरहन्छ भन्ने चिन्ता र चासो कविद्वारा व्यक्त गरिएको छ।

**४.५ क्रान्तिको आवश्यकता**

क्रान्तिको अर्थ हो आक्रमण गर्नु। क्रान्ति वा आक्रमण किन गरिन्छ ? यो गम्भीर प्रश्न हो। भनिन्छ, अन्याय, अत्याचार, दमन, शोषण, भ्रष्टाचार समाप्त पारी स्वच्छ, समुन्नत एवं गतिशील समाज निर्माण गर्न क्रान्तिको आवश्यकता पर्दछ। श्रीमद्भगवत् गीतामा क्रान्तिको प्रयोजन यस प्रकार दिइएको छ। "यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत। अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम्॥ परित्राणाय साधूनां विनाशाय च दुष्कृताम्। धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे॥" (४.७ र ८)। अर्थात् जुन बेला अधर्मले धर्मको क्षति पुऱ्याउँछ त्यही बखत अधर्मलाई समाप्त पारेर धर्मको रक्षा गर्न म जन्म लिन्छु। पाापकर्मीहरूको नाश गर्न र साधुसज्जनहरूको रक्षा गर्न म क्रान्ति मैदानमा अगाडि बढ्छु। हो अधर्मको नाश गर्न नै क्रान्तिको आवश्यक पर्दछ। कवि सीताराम अधिकारीले क्रान्तिको आवश्यकता अलि पृथक ढङ्गले गरेका छन्, जो निम्न पद्यहरूका माध्यमबाट प्रस्तुत गरिएको छः

क्रान्ति आरम्भको विन्दु शान्तिका निम्ति हो भने
क्रान्ति चाहिन्छ आस्थाको समृद्ध बन्नु हो भने
क्रान्ति चाहिन्छ मेधाको समाज निम्ति हो भने
क्रान्ति चाहिन्छ संस्थाको राज्यका निम्ति हो भने॥ (७.९५.पृष्ठ ७८)
लड्दछन् राज्यका निम्ति निःस्वार्थ वीर सैनिक
राज्यमा शत्रुको धावा परास्त हुन्छ निश्चित
जोधाहा राज्यका शक्ति परिचालित बन्दछन्
आओस् जस्तै महाकष्ट अगाडि बढ्न सक्दछन्॥ ७.९६. पृष्ठ ७९)
आदर्श राज्यका निम्ति युद्ध राक्षसतुल्य छ
न्यायकानुनका सामु दोषी दण्डित बन्दछ
पृथु श्रेष्ठ थिए आफ्नै सूचना बटुले निकै
भूमि रक्षणका निम्ति भयो चिन्तन अस्त्रकै॥ ७.१०१. पृष्ठ ७९)

युद्ध शान्तिका निमित्त, समृद्ध राष्ट्र निर्माणका निमित्त, बौद्धिक समाज निर्माणका निमित्त, समुन्नत विशाल राज्य निर्माणका निमित्त, आइलाग्ने शत्रुलाई परास्त गर्नका निमित्त, निहुँ वा जोरी खोज्न आउनेको शक्तिलाई क्षयीकरण गर्नका निमित्त, आदर्श राज्य निर्माण गर्नका निमित्त, न्याय स्थापना गरी दोषीहरूलाई दण्ड दिन आदिका निमित्त युद्धको आवश्यकता पर्दछ। राजा पृथ्वीनारायण शाहले नेपालको भूमिलाई संरक्षण गर्न र विश्वमै सुन्दर, शान्त

र विशाल राष्ट्र निर्माण गर्ने उद्देश्यले क्रान्ति आरम्भ गरी सफलता हाँसिल गरेको विषयलाई कविले मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् ।

### ४.६ नेपालमाथि षडयन्त्रकारीको दृष्टि

दूरदर्शी पृथ्वीनारायण शाह र उनले निर्माण गरेको वीर गोर्खाली सेना नहुँदो हो त अहिले हामी नेपाली र हाम्रो देश नेपाल भन्न पाउँदैनथ्यौँ। हाम्रो अस्तित्व रहँदैनथ्यो। सानो कोमल फूल जस्तो सुन्दर नेपालमाथि गिद्दे नजर लगाउने षडयन्त्रकारीहरू थुप्रै थिए । दुई ढुङ्गा बीचको कोमल तरुल जसका वरपर विशाल पाषाणहरू छन् । यिनीहरूले नेपाललाई कहिल्यै पनि शान्तिसँग बाँच्न दिंदैनन्। यिनीहरूको दृष्किोण निकै खतरनाक छ। जतिखेर जे पनि गर्न सक्छन्। सदैव होसियारका साथ रहन निर्देशन दिइएको छ। यो देश हजारैँ वीर गोर्खाको बलिदानबाट प्राप्त देश हो। साना दुःखले बनाएको मुलुक होइन। स्वार्थको जाल बिच्छयाएर यो देशलाई पासोमा पार्न सक्छन् शत्रुहरूले । सदैव सजग भई यो देशको संरक्षण गर्ने अभिभारा हामीमा छ भन्दै कविले व्यक्त गरेका केही प्रसङ्गहरू निम्नानुसार प्रस्तुत छन्ः

जति नेपालमा ल्यायौँ तिनको मूल्य धेर छ
हजारौँको भयो ठूलो बलिदान अमूल्य छ
दुःख कष्ट सही धैरै आर्जेको देश हो नयाँ
शत्रुको दृष्टि गिद्दे छ दाउ हेर्छन् छ के कहाँ ? (२०.१२ पृष्ठ २१०)
आफ्नैभित्र कतै गोप्य षड्यन्त्र हुन सक्दछ
स्वार्थका जाल निस्कन्छन् बेला बखत डस्दछ
सजिलै चिन्न को सक्छ को हो कस्तो छ के मति
हेर्दा सज्जन देखिन्छन् भित्र सक्रिय दुर्मति ।। (२०.१३. पृष्ठ २१०)
ढुङ्गाको बीचमा कन्द जस्तै नेपालको स्थिति
अँचेटेर सधैं राख्छन् दुःख पीडा हुने कति
युगौंयुग महाकष्ट यिनको भोग्नु पर्दछ
स्वस्थ नेपाल चाहन्नन् षड्यन्त्र बाण चल्दछ ।। (२०.१६. पृष्ठ २१०)

छिमेकीको उन्नति देख्न नचाहने स्वदेशी छिमेकी होस् वा अलिकति प्रगतिको शिखर चढ्न थाल्यो कि कताबाट हुन्छ विदेशी छिमेकी खुट्टा तान्न सुरु गरेका थुप्रै उदाहरणहरू छन् । दुवैतर्फ बडेमानका देशहरू छन् । भौगोलिक तथा भौतिक दृष्टले सम्पन्न छन् । साना फुच्चे राष्ट्रहरूमा एकताको बल देख्नै हुन्न, उन्नति गरेको देख्नै हुन्न । हामी जस्ता साना राष्ट्रहरूले परराष्ट्रसँगको कुटनीतिक सम्बन्ध स्थापित गरी उनीहरूसँग सुसम्बन्ध राखी राष्ट्रको हितमा एक भएर अगाडि बढ्न कविद्वारा सङ्केत गरिएको छ ।

### ४.७ न्यायिक विचलन

"नियते अनेन इति न्याय अर्थात् जुन शास्त्रले तर्कद्वारा उचित र अनुचित निष्कर्षमा पुऱ्याउँछ त्यो नै न्याय हो ।" ( होमनाथ भट्टराई, जिज्ञासा, २०८०, पृष्ठ १०७) । विचलन नामक शब्दले चञ्चलपन, अस्थिरता, बाटो बिराउने कार्य, कम्पन हुनु आदि अर्थ दिन्छ । न्यायमा अस्थिरता हुनु, कानुनले गलत निर्णय गर्नु, न्याय सही मार्गमा नहिड्नुलाई नै न्यायिक विचलन भनिन्छ । शासकहरूको मनोमानी, वाद वा सामिप्यताको दृष्टिले काखापाखा गरिनु, न्यायका दृष्टिकोणले सबैलाई समान नदेख्नु जस्ता कार्यले न्यायमा विचलन आउँछ । यसले घरपरिवार, समाज, राष्ट्र वा विश्व कसैको पनि भलो गर्दैन । यसले आत्मा सम्मानमा चोट पुऱ्याउँछ । नैतिकताका प्रश्न चिन्ह खडा गर्दछ र स्वर्णिम इतिहास समाप्त पार्दछ ।  देशका विधिविधान, कानुन आदिका वशमा नबस्ने हो भने कुशासन मौलाउँदै जान्छ । न्यायमा धमिरा लागेर व्यवस्था समेत ध्वस्त पार्न पछि पर्दैन । समाज अराजक हुन्छ, शान्ति  निर्जज्ल भएर मारिन्छ । कानुन नै अन्धो भएको अवस्थामा कसले न्याय पो पाउँछ र । को सुखी एवं खुसी हुन्छ र ? महाकवि सीताराम अधिकारीले पनि न्यायमा विचलन आएका थुप्रै दृष्टान्तहरू दिनु भएको छ । जो निम्नानससार प्रस्तुत छन् ।

मनोमालिन्यले हुन्छ अशान्ति परिवारमा
समाज बिग्रदै जान्छ नबस्दा विधि सारमा
कुशासन भए बढ्छ भ्रष्टाचार र तस्कर
न्यायमा धमिरा लाग्दा व्यवस्था बन्छ अस्थिर ॥ (६.५२. पृष्ठ ६०)
संस्कार त्यागिंदै जाँदा मान्छे धैरै अराजक
बग्छन् अशान्तिका भेल बनेर प्राण घातक
शान्ति निर्लज्ज मारिन्छ हिंसाको राज चल्दछ
सुरक्षाका सबै ढाल लुटिन्छन् शत्रु हाँस्दछन् ॥ (६.५९.पष्ठ ६१)
जहाँ छ उग्र हिंस्रक त्यही छ काल घातक
 छ कानु कानुनी विधा रहन्न कानुनी हक
नभत्किने दिवालमा बने पुवाल भत्किने
छिरे अनेक राक्षसी कुभक्षका गनाउने ॥ (८.६४.पृष्ठ ९१

न्याय मरेको देशमा सदा अशान्ति, पीडा, मृत्यु, भय आदि नाचिरहेका हुन्छन् । प्रत्येक व्यक्तिले  आफूलेलाई राम्ररी चिनेर आफूलेभित्र रहेको ऊर्जालाई लोक हितका लागि खर्च गर्न थाल्यो भने मात्र समाजमा शान्ति र सुशासनको आरम्भ हुन्छ । समस्त देशवासीहरूले निर्भयका साथ जीवन जिउन पाउँछन् भन्दै न्यायमा कहिल्यै पनि विचलन नआओस्, राष्ट्र उन्नतिको शिखरतिर चढ्न सफल होओस् भन्ने सन्देश दिइएको छ ।

### ४.८ स्वार्थी र अहङ्कारीको अवस्था

स्वार्थ र अहङ्कारका दुईवटा पोका बोकेर यात्रामा हिंडेको मानिस कहिल्यै गन्तव्यमा पुग्न सक्तैनन् भन्ने गरिन्छ । वैयक्तिक उन्नतिका लागि सदैव समर्पित हुनु नै स्वार्थ हो जहाँ आफ्नो मात्र उद्देश्य पुरा गर्नतर्फ लागिन्छ । म नै सर्वेसर्वा हुँ र मैले गरेका सबै कार्य सवोत्तम छन् भन्ने भावना नै अहङ्कार हो । स्वार्थमा चुर्लुम्म डुब्ने र अहङ्कार गर्ने व्यक्ति न सुखी हुन्छ न सन्तोषी । भनिन्छ, स्वार्थ र अहङ्कार प्राणघातक रोग हुन् र यिनीहरूले शिर ठाडो बनाई हाँसेर बस्न दिंदैनन् । यस्ता व्यक्ति न जीवनभर सम्मानका साथ बाँच्न पाउँछन् न देहावसानपछि यश वा कीर्ति रहन्छ । महाकवि सीताराम अधिकारीले प्रस्तुत महाकाव्यमा स्वार्र्थी र अहङ्कारीको अवस्था कस्तो हुन्छ ? निम्न पद्यका माध्यमबाट स्पष्ट पारिएको छ ।

आसक्तिमा भुली धेरै मान्छेले पथ भुल्दछ
स्वार्थको पथ रोजेर अर्घेली मात्र बढ्दछ
दुःख कष्ट छ आफ्नैमा अरुको द्रोह गर्दछ
गन्तव्य पुग्न सक्तैन बिचैमा गल्छ मर्दछ ॥ (७.९.पृष्ठ ६४)
अहङ्कार आर्फ खरानी हुनेछ
बढी उम्लिएमा लडी नासिने छ । (७.१७ं पृष्ठ ६५)
बढी खान खोज्दा विषै बन्न सक्छ
बढी लोभ गर्दा हुरीले बढार्छ ॥ (७.१८. पृष्ठ ६६)

धन, पद प्रतिष्ठा, विद्या, बलका कारण जो अहङ्कारी स्वार्थी बने तिनीहरूको स्वर्णिम भविष्य निर्माण हुन सक्दैन । न तिनीहरू गन्तव्यमा पुग्छन् न त तिनीहरूको जीवन सुन्दर हुन्छ । प्वाख उम्रेका छिचिमिराहरू अहङ्कारले मात्तिदै आकाशतिर उड्छन् चन्द्रमा छुन खोज्छन् तर थोरै उडानमै पीडा सहन नसकी भूमिमा पछारिन्छन् र मर्दछन् । यस्तै हालत हुन्छ स्वार्थी र अहङ्कारीहरूको भन्दै कविले यी दुबैबाट टाढा रहन सदेश दिएका छन् ।

### ४.९ मानवमा आसुरी भाव

आसुरीको अर्थबोध हुन्छ, असुर सम्बन्धी । असुर भनेका दैत्य वा राक्षस हुन् । जुन व्यक्तिमा असुर भाव छ, वा कुकर्म गर्ने प्रवृत्ति छ त्यो व्यक्ति नै असुर हो । "कामना, भोग र धन प्राप्तिप्रति आसक्त व्यक्तिको बुद्धि हराउँछ र ऊ ज्ञान र ध्यानमा जान सक्तैन ।" (आचार्य श्री पथिक, योगपथ, २०७१, पृष्ठ ४२) । आफूले कहिल्यै सत्कर्म नगर्ने र अरुलाई पनि गर्न नदिने प्रवृत्ति नै असुर प्रवृत्ति हो । "आसुरी स्वभाव भएका मानिसहरू प्रवृत्ति र निवृत्ति दुवैमा अनभिज्ञ हुन्छन् । उनीहरूमा न त बाहिरी न त भित्री शुद्धता हुन्छ । न सत्य बोल्छन् न सत्य आचरण छ । उनीहरू ईश्वरमा विश्वास गर्दैनन्, जगत्लाई आश्रय रहित ठान्छन् । स्त्रीपुरुषको मैथुनबाट भएको सृष्टिलाई प्राथमिकता दिन्छन् ।" श्रीमद्भगवत् गीता (१६.७ र ८) । कवि सीताराम अधिकारीद्वारा प्रस्तुत महाकाव्यमा मानवको अन्तष्करणमा रहेको आसुरी भावलाई यसरी व्यक्त गरिएको छः

नोक्सान जीवको हुन्छ प्रकृति ध्वंस भो भने
सारा बिपत्तिमा पर्छन् दुष्ट समाजमा पसे
मान्छे नै बन्छ सैतान हराई मनको मणि
गर्जन्छ प्रेतझैँ राती संस्कार नहुँदा धनी ॥ (७.७१. पृष्ठ ७४)
आसुरी शक्तिमा हुन्न दयाभाव कतै पनि
आत्मीयता धुलो हुन्छ काया ढल्छ उसै अनि
एक्कासी हमला गर्छन् आसुरी शक्तिका खुनी
आक्रान्ता बिचरा रुन्छन् असहाय र निर्धनी ॥ (७.७६. पृष्ठ ७५)
गोली बोली जथाभावी बिनालाज चलाउँछन्
आसुरी बलका तिघ्रे उफ्रन्छन् बर्बराउँछन्
अरुलाई मिची मारी दुनो आफ्नै सुझाउँछन्
घात निर्घातमा रम्दै मान्छेलाई दुःखाउँछन् ॥ (७.७७. पृष्ठ ७५)
हुरुक्क हुन्छ बाघझैँ मनुष्य मासुमा किन ?
मनुष्यको धराभरि प्रवृत्त भो सधैं घिन
भुलेर मानवी दया पशुत्व मौलियो किन ?
लिएर दाँत बाघको मनुष्य जन्मियो किन ? (८.३३. पृष्ठ ८६)

दया, माया, प्रेम, सहानुभूति, परोपकार, अनुशासन, करुणा आदि उच्च मानवमा हुनु पर्ने मानवीय गुणहरू असुरहरूमा हुँदैनन् । यस्ता गुणहरू नहुने व्यक्ति नै असुर हुन् जसले समाजमा एक्कासी आक्रामण गर्दछन् र सबै ध्वस्त बनाउन प्रयत्न गर्दछन् । गोलीभन्दा शक्तिशाली बोली प्रयोग गरेर घायल बनाउने कार्यमात्र होइन गोली वर्षा गरेर दैहिक जीवन समेत समाप्त पार्न पछि पर्दैनन् । कवि अधिकारी आज किन मानवीय गुणहरू समाप्त पार्दै पशुत्वभाव बढाइरहेका मान्छेको जमात बढ्दै छ भन्ने  चिन्ता व्यक्त गर्दछन् ।

### ४.१० युद्धवर्णन

युद्धको अर्थ हो लडाइँ । शारदीय पूर्णीमाको जस्तो देशलाई ग्रहण लाग्यो थाल्यो भने देशवासीहरू चुप लाग्न सक्दैनन् । विदेशी शत्रुको आँखा लाग्दा होस् वा देशद्रोहीको अकर्मन्यता बढ्दै गरेको होस् सच्चा देशवासीहरू त्यसका विरुद्धमा आवाज उठाउन थाल्दछन् । आवश्यक परेमा हातहतियार सहित युद्धमैदानमा देखा पर्दछन् । देश र जनताका निमित्त मार्न र मर्न पछि पर्दैनन् । अन्याय, अत्याचार, शोषण, भ्रष्टाचार आदि कुकृत्यहरू समाप्त पार्न वा राज्यको अस्तित्व जोगाउन, सार्वभौम सत्ता कायम गर्न आवश्यक परेमा युद्ध घोषण हुन्छ । यहाँ पनि पृथ्वीनारायण शाहले नेपाल एकीकरणका सन्दर्भमा स–साना राज्यहरूलाई गोर्खा राज्यमा समाहित गरी विशाल राज्य निर्माणर्थ युद्धमैदानमा उत्रिएका अनेकौँ प्रसङ्गहरू छन् । वीर गोर्खालीहरू मर्न तयार भए तर हार स्विकार गरेनन् । शत्रुको सामु कहिल्यै झुकेनन् । आफूलेलाई शक्ति सम्पन्न सम्झने अङ्ग्रेजहरूलाई हाहाकार पारी लखेटेका प्रसङ्गहरू थुप्रै छन् । ती प्रसङ्गहरू कविद्वारा यसरी उल्लेख गरिएका छन्ः

गोली वर्षा डम् डम् डम् डम् खुर्पा खाँडो नाच्दै छन्
उल्का भुल्का मान्छे मान्छे ताकी हानी मर्दै छन्
मान्छेले नै मान्छे मार्ने बाघे शैली हाबी भो
काम्यो धर्ती रोयो व्योम प्राणै लाने कालै हो ॥ (१५.३०. पृष्ठ १५९)
गोर्खालीका अचल मन छन् शत्रुका शक्ति तोड्ने
जस्तै गाह्रो समर नग बनोस् योग्य गोर्खा छ फोर्ने
वैरी आए पछिपछि नहटी सामना गर्न सक्ने
गोर्खाली हुन् सकस दिक सही देश निर्माण गर्ने ॥ (१७.९. पृष्ठ १८०)
गोर्खा फौज अपूर्व साहस झिकी झन् उग्र बन्दै गयो
अङ्ग्रेजी अनुहारमा विफलको उद्विग्नता देखियो
योद्धाका अवसानले समरमा अङ्ग्रेज बेहाल भो
भाग्यो आखिर युद्ध साधनविना गोर्खा विजेता भयो ॥ (१७.३०. पृष्ठ १८४)
लड्दा लड्दै हराए पृथु दलबलले लत्रियो भादगाउँ
झुक्नै पर्ने अवस्था जब सृजन भयो न्यूँरियो भादगाउँ
खोले सन्झ्याल याल आफ्नै नृप रणजितले सुम्पिए शीर्षपोस
गोर्खालीले मनाए जय जय पृथु हे शान्तिका शब्द शेष ॥ (१७.४८. पृष्ठ १८६)
एकाएक जिते युद्ध टुक्रा गाँसे विशाल भो
हारे कहीं लडे फेरि जिते शत्रु उमङ्ग भो
हारले बलियो पाऱ्यो शक्ति सञ्चय भो निकै
गोर्खाली सामुमा पर्ने शत्रुको हार भो सधैं ॥ (१९.११. पृष्ठ १९९)
योद्धा शूरा राष्ट्रवादीहरू छन्
आज्ञा पाई युद्धमै होमिइन्छन्
लत्रेनन् क्वै शत्रुका सामु कैल्यै
ज्यानै अर्पे युद्ध देवी पुकार्दै ॥ (१९.५८. पृष्ठ २०६)

माथिका पद्यहरूमा गोर्खालीको वीरता बयान गरिएको छ । वीर गोर्खालीहरू चाहे आन्तरिक लडाइँमा होस् चाहे अङ्ग्रेजहरूसँगको बाह्य द्वन्द्वमा होस् निर्भयी भएर युद्धमैदानमा उत्रे । शत्रुका सामुमा कहिल्यै घुडा टिकेनन् । विजयको झन्डा फहराउँदै सफलताको शिखरमा पुग्न सफल भएको चर्चा गरिएको छ । युद्धमैदानमा पुगेपछि कि हार हुन्छ कि जित हुन्छ । पृथुको नेतृत्वमा अगाडि बढेको गोर्खाली वीर सेनाहरूले पटक पटक हारेका उदाहरण पनि छन् तर हतोत्साहित कहिल्यै नभएर पुनः विजयतिर उन्मुख भएका घटनाहरू पनि छन् । पृथुको जयगान गर्दै सफलताको शिखरमा पुगेर विशाल नेपालको निर्माण गरिएका प्रसङ्गहरू छन् ।

### ४.११ राष्ट्रप्रेम

राष्ट्रप्रतिको गहिरो प्रेमलाई राष्ट्रिप्रेमको संज्ञा दिइन्छ। राष्ट्र शब्दले भूगोलको सीमाना मात्र होइन, निश्चित भूभागभित्र रहेका जनता, त्यहाँको प्रकृति, संस्कृति, माटो, हावा, पानी लगायत समस्त प्राणीहरू आदिलाई सङ्केत गर्छ। अपि स्वर्णमयी लङ्का न मे लक्ष्मण रोचते। जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी।। श्रुति परम्पराबाट आएको प्रस्तुत पद्य देशप्रेम वा राष्ट्रप्रेमको उज्ज्वल नमुना हो। आफूले जन्मेको माटो मुटुसमान हुन्छ भन्ने मान्यतालाई आत्मासाथ गरी सोही अनुसार कार्य गर्नु नै राष्ट्रप्रेम हो। राष्ट्रप्रेम भनेको राष्ट्रिय एकता, राष्ट्रको गौरव, राष्ट्रवासीको सम्मान, राष्ट्रको संवृद्धि र प्रगतिको कामना हो। 'पृथु' महाकाव्यमा कवि सीताराम अधिकारीले राष्ट्रप्रेमलाई केन्द्रमा राखेर यो महाकाव्यको रचना गर्नु भएको छ। घर भत्केको छ, विवेकहरू बिकेका छन्, ठाउँ ठाउँका सुन्दर कोटहरू अनेकतामा विभाजित भएका छन्, वैयक्तिक स्वार्थका लागि आमालाई दिनानुदिन रुवाएका छन्, आफ्नै घर पोलेर खरानी घस्न तयार भएका छन्, अस्मिता गुमाएका छन्, नेपाल छिन्नभिन्न भएकोले असुरक्षित छ जस्ता महत्वपूर्ण पद्यको माध्यमबाट कविद्वारा राष्ट्रप्रेमप्रतिको भावनालाई उजारगर गरिएको छ। उदाहरणार्थ केही पद्यहरू निम्नानुसार प्रस्तुत गरिएको छः

भयो टाढा शान्ति प्रकृति पनि दुःखी बनिसकिन्
बिथोल्ने मात्रै छन् अधिक हमलामा परिसकिन्
पसे स्वार्थी धेरै पर मुलुकका विग्रह भयो
हिमाली मालीको घर पनि विनाशैतिर गयो।। (४.८ पृष्ठ ३१)
तराईका ताजा फल अमृत मीठा महक छन्
नखाई को बस्ला फल अमृत ताजा रस त झन्
मिलेको यो धर्ती हिमगिरि जहाँ दिन्छ सपना
त्यही मिल्छन् हाम्रा शिव गिरिजासाथ विपना।। (४.३८. पृष्ठ ३६)
अर्को एक ठाउँमा राष्ट्रप्रेमको भाव यसरी अभिव्यक्त भएको छः
पृथ्वीको मुटु नेपाल रक्तसञ्चारको धनी
प्राणवायु यही मिल्छ छैन औषधिको कमी
रोग व्याधि जरा जीर्ण पिंजराको महाअरि
जीवका वशमा हुन्न यम जित्ने उनै हरि।। (७.१. पृष्ठ ६३)

कविले राष्ट्रप्रेम सम्बन्धी रचना गरेका अन्य पद्यहरूमा २.५७, ५.१, ६.५१., ६.६२., ७.१०, ७.११., ७.१५., ७.४३., ८.४१ प्रमुख रहेका छन्। प्रस्तुत पद्यहरूमा प्राकृतिक, भौगोलिक, सामाजिक, सांस्कृति, भाषिक, धार्मिक आदि दृष्टिले नेपालको वर्णन गरी यसप्रति सबैको श्रद्धा, सम्मान गरिनुपर्छ भन्ने सन्दश प्रवाह गरिएको छ।

**४.१२ नीति चेतना**

सामान्य अर्थमा नीति भनेको व्यवहारको तरिका हो । शब्दार्थमा गहिरिएर भन्ने हो भने “जनता, समाज वा राष्ट्रको रक्षा वा हितका लागि विद्वान्हरूद्वारा धर्म, समाज आदिको विचार राखी न्याय व्यवस्था, राजनीति विद्यालाई नीति भन्छि ।” (महेन्द्र संस्कृत विश्वश्वविद्यालय, संस्कृत नेपाली बृहत् शब्दकोश, २०५७, पृष्ठ ६७९) । नीति वेदले देखाएका मार्गहरू हुन् । “धर्म र नीति मानव जीवनका अभिन्न अङ्ग हुन् ।” (संस्कृतमा के छ ? जयतु संस्कृतम् २०६१, पृष्ठ २०२) “मानिसको जीवन उन्नत, सुखी, समृद्ध र व्यवस्थित एवं सुसस्कृत बनाउने मार्ग नीतिशास्त्रले निर्देशन गर्दछ । नीतिशास्त्रले राज्य सञ्चालन गर्ने तरिका मात्र निर्देशन गर्दैन, यसले त सम्पूर्ण सामाजिक व्यवहार सुसञ्चालन गर्ने तरिकाहरू निर्देशन गर्दछ ।” (डा. मधुसूदन लामिछाने, पण्डित नरेन्द्रनाथ रिमालप्रणीत महाभारतको विश्लेषण, पृष्ठ ५२३) । 'पृथु' महाकाव्य कवि सीताराम अधिकारीले नीति चेतनाका थुप्रै पद्यहरूको रचना गरी नैतिक शिक्षा प्रदान गरेको देखिन्छ । उदाहरणका लागि केही पद्यहरू निम्नानुसार प्रस्तुत छन्

चिनेर मान्छेसित बोल्नु पर्छ
बिनेर बीउ श्रम रोप्नु पर्छ
विनाकलाको रस रङ्ग भिन्न
विनागलाको प्रिय गीत हुन्न ॥ (९.४२. पृष्ठ १०६)
ज्ञानार्थी पृथुले कैल्यै नाघेनन् अनुशासन
अनुशासन संस्कार नीति संस्कृति हुन् धन
सभ्यता शिष्टताभित्र आर्षको तप दीप्त छ
दिव्य चिन्तनको ज्ञान प्रकाशमय बन्दछ ॥ (१०.१३, पृष्ठ ११०)
सुध्रिन्न कैल्यै गतिहीन मान्छे
आफ्नै दुनो भर्दछ बन्छ भान्छे
चोरेर खाने लत हो खराब
रित्तो प्रतिष्ठा धमिलो स्वभाव ॥ (११.४०. पृष्ठ ११४)
विधिको खेल के के छ बुझ्न सक्तैन मानिस
दोष देखाउने बानी खालि खोज्दछ आसिक
आफ्नै नियतको जालो तगारो बन्न सक्तछ
खोजी अमृतको गर्छ अन्तमा विष मिल्दछ ॥ (१२.५२. पृष्ठ १४१)
हत्पति गर्छ जो काम उसैको हुन्छ लत्पत
महँगो हुन्छ संसार बन्द हुन्छ रसामृत
होस चेतनको मूल्य महँगो हुन्छ चिन्नु छ
आस्वाद भोकमा मीठो भान्साको मूल्य पर्दछ ॥ (१४.१२. पृष्ठ १४६)
विद्वान् पण्डितको ज्ञान तितो हुन्छ कदाचन
ज्ञानकै रश्मिमा रम्छन् सन्त, साधु र सज्जन

प्रज्ञा चक्षु खुला राख्दा अन्धकार हराउँछ
पट्टी बाँधेर आँखामा अँध्यारो तिर्मिराउँछ ॥ (१४.१७. पृष्ठ १४६)
चक्रैचक्रा छ जिन्दगी ऋतुसँगै फन्काहरू मार्दछ
जाडो याम कतै छ राप ऋतुको धर्तीसँगै घुम्दछ
यो रोकिन्न चलायमान छ सधैं यात्रा यहीं भर्नु छ
यौटाको पछि अन्य आउँछ रमी सम्पूर्णले जान्नु छ ॥ (२०.५.पृष्ठ २०८)

नैतिकवान् मानिस परिवार, समाज, धर्म, कानुन, गुरुका वाणी र ईश्वरको अनुभूतिसँग डराउँछन् । अकर्तव्यहरू गर्दैनन् । सदैव निर्भयी भएर बाँचेका हुन्छन्, हाँसेका हुन्छन् । आफ्नो जीवनलाई अरुको उपकारका निमित्त समर्पण गरेका हुन्छन् । अतः सार्थक जीवन जिउका निम्ति नीति चेतनाको आवश्यक छ भन्दै कविले यस महाकाव्यमा नैतिक सन्देशहरू प्रसस्त मात्रामा दिएको पाइन्छ ।

### ४.१३ राष्ट्रिय एकताको आवश्यकता

धेरै मानिसहरूको एक मत हुनु, वा समान भावनामा एकत्वका साथ कर्ममार्गमा समाहित हुनु नै एकता हो । राष्ट्रलाई सर्वोपरि राखी यसको चौतौर्फी हित वा उन्नतिका लागि एक हुनु नै राष्ट्रिय एकता हो । अर्थात् माटो, मान्छे, उसको संस्कृति, भाषा आदिप्रति सबैको यौटै समर्पण भाव नै राष्ट्रिय एकता हो भनिएको छ । तराईवासी, हिमालवासी र पहाडवासीका बीच एकता हुनु आवश्यक छ । सङ्घेशक्ति कलौयुगे अर्थात् एकतामा सबैभन्दा ठुलो बल हुन्छ, देशवासी एक भएभने बाहिरि शत्रुले शिर उठाउन सक्तैनन्, समाज वा देशको उत्थानका लागि एकता आवश्यक छ, कतै आँच आएमा एक बन्नु नितान्त आवश्यक छ, राजा वा राष्ट्राध्यक्षका बीचमा सुमधुर सम्बन्ध हुनु आवश्यक छ जस्ता महत्वपूर्ण प्रसङ्ग उल्लेख गर्दै कवि अधिकारीद्वारा राष्ट्रिय एकताको आवश्यकता सम्बन्धी अनेकौं प्रसङ्गहरू उल्लेख गरिएका छन् । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छः

बिहान सूर्य आउँदा हिमाल हाँस्नु पर्दछ
समस्त गोरखासँगै स्वदेश बाँच्नु पर्दछ
विशाल शैल फाँटमा किसान नाच्नु पर्दछ
पृथु प्रदीप्त साथमा सशक्त देश उठ्नु छ ॥ (८.१०३. पृष्ठ ९८)
जुटेर सारा घरका जहान
खुलेर लागे जयको छ गाना
मिलेर फोहोर सफा गरिन्छ
झुल्किन्छ आभा तम नाश हुन्छ ॥ (९.१८. पृष्ठ १०२)
मिलेर बस्ती जब वास बन्छ
मिलेर बस्दा बल धेर हुन्छ
कहीँ कसैको भर हुन्न साथी

आँखो विदेशी अपवित्र पापी ॥ (९.४०. पृष्ठ १०५)
एकता नै महाशक्ति यो शाही परिवारको
पञ्चपाण्डवको शक्ति हो कि झैँ शाहवंशको
समाज देशका लागि एकता अनिवार्य छ
दर्बार बलियो बन्दा जोरी बैरी डराउँछ ॥ (११.२८. पृष्ठ १२२)
गोर्खा उपत्यका भिन्न भन्ने सोच कतै नहोस्
एकता सूत्रमा आई भय सङ्कीर्णता हटोस्
भनावैरी भए जे जे सबैले बिर्सनै निको
शत्रुताका भए भेल रोकी शान्त बनौँ छिटो ॥ (१७.६८. पृष्ठ १९०)
भए एकतामा सबै धर्म जाति
बचाएर संस्कार भाषा प्रजाति
कहीं आँच आए सबै एक बन्ने
प्रतिज्ञा भयो राज्य सम्भार गर्ने ॥ (१८.५०. पृष्ठ ११७)
प्रजा भूपतिका बीच सम्बन्ध नङमासुको
घनिष्ठता सधैं राख्नू हुँदैन त्रास शत्रुको
जनता बलिया बन्दा हुन्छन् सशक्त भूपति
दुबैको बीचमा ऐक्य राखे हुँदैन दुर्गति ॥ (२०.२१ पृष्ठ २११)

आज विकशित राष्ट्रहरू प्रगतिको उच्च शिखरमा चढ्न सफल हुनु एकताको परिणाम हो । वैयक्तिक स्वार्थलाई त्यागी राष्ट्रको उत्थानका निमित्त समर्पित मनहरूका पछाडि अनेकौं मानिस लागेका हुन्छन् । अतः राष्ट्रको उत्थानका लागि राज्य हाँकने सारथि र देशवासीका बीचमा सुमन्धुर सम्बन्ध हुनु आवश्यक छ भन्ने सन्देश दिइएको छ ।

### ४.१४ परोपकार तथा मानवतावादी भावना

पराइ वा अरुको हित गर्ने कार्यलाई परोपकारको संज्ञा दिइन्छ । भनिन्छ, परोपकाराय शतां विभूतयः अर्थात् परोपकार नै सज्जनको सम्पत्ति हो । सच्चा मानवको हृदयमा अवस्थित सद्गुणहरूको प्रयोग गरी अर्काको उपकार गर्नु नै सार्थक जीवन हो । देवकोटाले आफूले मिटाई अरुलाई दिनु जहाँ छ भनी परोपकारको कर्मलाई उच्च स्थान दिएको पाइन्छ । ऋषिमुनिदेखि साधुसन्तसम्मका सबैले आफ्नो जीवनमा आर्जन गरेको ज्ञानलाई संसारभरि बाँड्दै आफूलेलाई सेवामै समर्पित गरेर दैहिक जीवन समाप्त पारेका थुप्रै उदाहरणहरू पाइन्छन् । ऋषि महर्षिहरूको यिनै परोपकारी भावनाहरूलाई आत्मासात गरी जीवनलाई परोपकारमा लगाएर जन्ममृत्युको चक्राबाट पार हुन चाहन्छन् । प्रकृतिलाई गुरु ठानेर आफूले पनि केही न केही उपकारका कार्य गर्नु पर्दछ भन्ने चेतना र चिन्तन हामीहरूमा पनि हुनु आवश्यक छ । वृक्षले अरुकै लागि फल दिन्छ, सूर्यले सारा चराचर जगत्का लागि प्रकाश र ताप दिन्छ, चन्द्रमाले समस्त प्राणीका लागि शीतला प्रदान गर्दै रातभरि अमृत बहाउँछ, अकाशले अरुकै लागि जल वर्षा गर्छ, वायु अरुकै

लागि दिनरात बहेको छ । मानवले मानवको सम्मान गर्दै आवश्यक सहयोग गर्नु मानवतावाद हो । आफूलेमा भएको सञ्चालक शक्ति र अरुमा भएको सञ्चालक शक्ति यौटौ हो । अतः अरुलाई सम्मान तथा सहयोग गर्नु मेरो कर्तव्य हो भन्ने भाव हामीमा हुनु आवश्यक छ । यी सबैको अनुभूत गरी आफूलेलाई पनि परोपकारका लागि समर्पित गर्न चाहनु आजको आवश्यकता हो भन्ने भावका साथ कविद्वारा यस प्रकारका पद्यहरूको रचना गरिएको पाइन्छः

नहुन् स्वार्थी कोही अवनि तलको शासक बनी
बनून् साझा प्रेमी प्रियजनसँगै हुन्छ धमनी
दया देऊन् केही द्रवित मन दुःखीप्रति रहोस्
पगाल्दै ढुङ्गाको अनुकृति उही भैरव बनोस् ॥ (३.५७. पृष्ठ २९)
आत्माभित्र दया देखी प्रजा नित्य रमाउँथे
उदार दिलले नित्य प्रजाकै हित गाउँथे
निष्ठामा रहनेलाई दायित्व दिन सक्दथे
पुरस्कार र सम्मान अर्पी विशिष्ट बन्दथे ॥ (१५.७३. पृष्ठ १६५)
मानवीय धराभित्र दानवी घटना नहोस्
अक्षम्य हुन सक्तैन वज्रपात कतै नहोस्
दुखेका घाउका निम्ति ओखती पुग्नु पर्दछ
दुखेका मानवी घाउ चर्र्कंदा देश दुख्दछ ॥ (६.११. पृष्ठ ५३)

प्रस्तुत पद्यहरूमा राजा भएपछि जनताको भावना बुझ्दै उनीहरूको उन्नति प्रगतिका लागि जहिल्यै पनि समर्पित हुनुपर्दछ भन्ने सन्देश राजा पृथुले कर्मद्वारा प्रस्तुत गरेका छन् । शासकहरू स्वार्थी नहोऊन्, आफूलेभित्रको प्रेमको अनन्त स्रोत प्रजाहरूको उन्नतिमा खर्च गर्न सकून्, दुःखी गरिवहरूप्रति दया तथा सेवाको भावले उनीहरूलाई सम्मान गर्न सकून्, पाषाण हृदय भएकाहरूलाई पनि प्रेमले सजिलै पगाल्न सकून्, आफूलेलाई गरेको सम्मान र सेवा देखेर प्रजाहरू जहिल्यै पनि प्रसन्न होऊन्, जस्ता परोपकारी तथा मानवतावादी भावनाहरू प्रकट गरिएको छ । सर्वजन हिताय र सर्वजन सुखायको नारालाई व्यवहारमा रूपान्तर गर्न सकेमात्र यो जीवन सार्थक हुन्छ भन्ने सन्देश कविद्वारा प्रस्तुत भएको छ ।

### ४.१५ आध्यात्मिक ज्ञान तथा पौराणिक प्रसङ्ग

आत्मा वा ब्रह्म सम्बन्धी विद्यालाई अध्यात्म भनिन्छ । अध्यात्म सम्बन्धी ज्ञान वा विद्या नै आध्यात्मिक ज्ञान हो । नैनं छिन्दति शस्त्राणि नैनं दहति पावनः । न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ॥ (श्रीमद्भगवत् गीता, दोस्रो अध्याय श्लोक २३) अर्थात् आत्मालाई हतियारले काट्न, छेड्न सक्तैन । आगोले पोल्न सक्तैन । हावाले उडाउन सक्तैन । यहाँ आत्माको अमरतालाई स्विकारिएको छ । यही अमर आत्मा सम्बन्धीको ज्ञान नै आध्यात्मिक ज्ञान हो । पुराणमा वर्णित कथावस्तु नै पौराणिक प्रसङ्ग हुन् । कविले कतै कृष्ण र कंसको प्रसङ्ग, कतै देवी कालीको, कतै गुरु गोरखनाथको प्रसङ्ग, कतै दिति र अदितिको, कतै देवता र दानवको प्रसङ्ग उल्लेख गरी

आध्यात्मिक ज्ञान तथा पौराणिक प्रसङ्गलाई उल्लेख गरिएको पाइन्छ। उदाहरणार्थ केही पद्यहरू निम्नानुसार प्रस्तुत गरिएको छः

पुगेर युद्ध मैदान सम्पूर्ण बाहिरी कुरा
घर आफन्त बिर्सन्छन् देख्छन् मैदानका धुरा
आराध्य युद्धकी देवी काली हुन् ममतामयी
शत्रुको बल निस्तेज पारेर बन्दछन् जयी ॥ (७.३५ पृष्ठ ६८)
सन्तान फैलिए राम्रा नराम्रा पृथिवीभरि
सभ्य शिष्ट बने राम्रा नराम्रा गोमनैसरी
सभ्य संस्कारमा हुर्के अदिति व्याप्त वंशज
लोक कल्याणका निम्ति जगाए यागउत्सव ॥ (७.८८. पृष्ठ ७७)
हुँदैन मानवी दया कृतघ्न कंस दुष्ट छ
हकार शब्द रोषले दबाउँदै छ आत्मज
मुकुन्द कृष्ण केशव पवित्र देवकी सुत
छ कोप कंसमा कडा विरुद्ध कृष्ण भानिज ॥ (८.३१. पृष्ठ ८६)
लडेर जो देश निमित्त बाँच्छ
स्वर्लोक सायुज्य अवश्य मिल्छ
अकालको मृत्यु विदेश भाग्छ
सकाल आफ्नै ऋतुसाथ जाग्छ ॥ (९.१९. पृष्ठ १०२)
मलाई शिवको चेला गुरु गोरखनाथको
आशीर्वाद भएको थ्यो सम्हाल्न पुण्य देश यो
लडे लडाइँ नोक्सानी भयो दुख्दछ देह यो
कर्तव्य पथमा हिंड्दा नोक्सान धेर भो ॥ (१७.६५. पृष्ठ १८९)
नेपालीले बुझेका छन् काया नश्वर हो भनी
छोड्दा पीडा निकै होला गर्छन् स्वीकार तैपनि
तपस्वी ऋषि आचार्य ज्ञान संस्कार सागर
भन्छन् शरीर मर्ने छ आत्मा हो अजामर ॥ (२०.३२. पृष्ठ २१३)

कवि श्रीमद्भगवत गीताबाट निकै प्रभावित भएको देखिन्छ। हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम्। (श्रीमद्भगवत गीता २.३६) अर्थात् हे अर्जुन तिमीले यो युद्ध हार्‍यौ भने स्वर्गको राजा र जित्यो भने पृथ्वीको राजा हुने छौ, युद्धदेखी किन डराउँछौँ भन्ने प्रसङ्गलाई कविले यहाँ उल्लेख गरेका छन्। त्यस्तै आत्माको अमरत्वलाई स्विकार गर्दै कर्तव्यबाट च्युत नहुन आग्रह गरेको पनि पाइन्छ। आफूले जन्मेको माटो र समस्त मानव

जातिको कल्याणका लागि युद्धमा होमिएर दैहिक जीवन समाप्त गर्ने व्यक्तिले स्वर्गको भोग वा शिवसायुज्य पद प्राप्त गर्दछ भन्ने मान्यता समेत यहाँ प्रस्तुत गरिएको छ ।

**४.१६ मातृमहिमा**

माता भन्नबित्तिकै जन्म दिने आमा र धर्तीमाता भन्ने अर्थबोध हुन्छ । समस्त प्राणीलाई जन्म दिने स्त्री जातिको नाम नै माता हो । भनिन्छ, यो दैहिक शरीर निर्माण गर्ने आमाको महिमा, त्याग, समर्पण अविस्मरणीय, अतुलनीय र अवर्णनीय छ । यो शरीर निर्माणमा धरतीले दिएका सम्पूर्ण खाद्य पदार्थको पनि उत्तिकै भूमिका रहेको हुन्छ । त्यसैले सज्जनहरूले जहिले पनि पृथ्वीलाई सम्मान गर्दै आएको देखिन्छ । पृथ्वी देव्यै नमोनमः भनेर भूमिलाई पूजा गर्दै आएका थुप्रै उदाहरणहरू पनि हाम्रो सामुमा छन् । जन्माउने माता होऊन् वा आफूले वा आफ्ना पूर्खा जन्मेको भूमि होओस् दुवैलाई उत्तिकै सम्मान गर्नु हामी सबैको परम कर्तव्य हो । पृथ्वी हामी उभिने आधार भूमि हो, हामीलाई पोषकतत्व प्रदान गर्ने क्षेत्र हो । यही पृथ्वीका पञ्चतत्वबाट यो हाम्रो स्थुल शरीर निर्माण भएको छ । अतः आफूले र आफ्ना पुर्खा जन्मेको ठाउँ र आफूलेलाई जन्म दिने माताको महत्व कति छ भनी वर्णन गर्न सकिंदैन । समस्त सन्तानका लागि आमा स्नेहकी खानी हुन्, अन्याय र अत्याचारका समयमा सामान्य नारी पनि उग्रकाली बन्न सक्छिन् । सन्तानको स्वर्णिक भविष्य निर्माणमा आमाको भूमिका अतुलनीय रहेको छ भन्दै कविले यस महाकाव्यमा विशेष प्रकारले मातृमहिमाका सम्बन्धमा उल्लेख गरेको पाइन्छ । उदाहरणर्थ केही पद्यहरू निम्नानुसार रहेका छन्ः

आमाको ममता अमूल्य छ सधैं सन्तानले पाउने
आमाकै महिमा खुला हृदयले सन्तानले जाउने
जे छन् इच्छित कल्पना ललनका गर्छिन् उनै पूर्ण ती
आए दुष्ट कतै भने भगवती बन्छिन् उनै साधकी ॥ (३.२८ पृष्ठ २४)
आमा हुन् स्नेहकी खानी रक्तसञ्चारकी धनी
उनकै रक्त हुन् सारा खुसी हुर्काउँछिन् उनी
भविष्य झल्झलाकार पारी साँच्चै प्रबुद्ध हुन्
मातृवात्सल्य संस्कार पाएर पृथु धन्य छन् ॥ (१०.८. पृष्ठ १०९)
जवानीपनको भेल उर्लन्थ्यो उनमा कति
हुन्थिन् आकुल उद्विग्न भित्रभित्रै रुँदै कति
नारीको अस्मितामाथि दुष्टको दृष्टि पर्दछ
शील स्वभाव देखेर मूर्खको मन भुक्तछ ॥ (१३.४०. पृष्ठ १३९)
बिनापानी धरा रुन्छ खडेरी मच्चियो भने
उज्यालो शून्य नै हुन्छ चन्द्र सूर्य डुबे भने
न्यानो दिन कहाँ मिल्छ हिम वर्षा भयो भने
आँधी आतङ्क मच्चिन्छ स्नेहभाव गयो भने ॥ (१३.४२. पृष्ठ १४०)
गङ्गा गौरी महानिष्ठ दयाका धीर सागर

तिनैका कोखमा जन्मी हुर्कन्छन् शिशु सुन्दर
स्नेहको हुन्छ संसार गर्छन् स्वागत वाटिका
मुस्कान फूलको मीठो बोली मोहक लालका ॥ (१३.४५. पृष्ठ १४०)

यसरी कतै प्रत्यक्ष जन्म दिने आमाको, कतै परोक्ष धर्तीमाताको महिमा उल्लेख गरी हामीहरूले धर्तीमाता होऊन् वा जन्म दिने माता होऊन् हृदयदेखि नै सम्मान गर्नु पर्ने कुरामा जोड दिइएको। आमाकोसम्मान नगर्ने कुपुत्रहरू वा कुसन्ततिहरू दुःखको खाडलमा भासिदैं जान्छन् भन्ने सन्देश दिदै आमाहरूप्रति सद्भाव, सेवा व्यक्त गर्नु हाम्रो परम कर्तव्य हो भन्ने ज्ञान प्रवाह गरिएको छ।

**४.१७ प्रकृति चित्रण**

भनिन्छ, प्रकृति एउटा त्यस्तो मूल शक्ति हो जसबाट अनेक प्रकारका वस्तु वा जगत्को सृष्टि वा विकाश भएकोछ। हामी वरपरको वातावरण, सूर्य, चन्द्रमा, आकास, तेज, जल, पहाड, खोला, नदी, समस्त दृश्य भूमण्डल सबै प्रकृतिभित्र पर्दछन्। पूर्वीय आचार्यहरूले महाकाव्यको परिभाषा दिंदा महाकाव्यमा नगर, समुन्द्र, पर्वत, ऋतु, सूर्योदय, चन्द्रोदय, जलक्रिडा, वनविहार, नदी, पर्वत, आदिको चर्चा हुनु आवश्यक छ भनेका छन्। कवि सीताराम अधिकारीले यस महाकाव्यमा प्रकृतिको कतै सौम्य रूप र कतै रौद्र रूपको चित्रण गरेको पाइन्छ। मानिसलाई विपत्तिले घेर्न थाल्दैछ भने प्रकृतिमा पनि केही अपशकुन वा अशुभ सङ्केतहरू देखाउन थाल्दछ भन्ने मान्यतालाई पनि कविले पृथ्वीनारायण शाहको देहावसान पूर्व हुटिट्याउँ रोएको, हाप्सिलो कुर्लेको, फ्याउरा कराएको, ताराहरू खस्न लागेको जस्तो अनुभूति, आकास पनि निर्मल नभएको अवस्था, स्वप्नामा माथिका दाँत झरेको, प्रकृति निकै खिन्न भएको अवस्था पनि उल्लेख गरिएको छ। प्रकृतिसँग सम्बन्धित केही पद्यात्मक उदाहरणहरू यस प्रकार छन्ः

धर्ती हो यसमा कला र अकला छन् धेर विस्तारित
कैले सुन्दर रूप हुन्छ यसको कैले भने धूपित
यौटै सूर्य बिहान शीतल बनी झुल्कन्छ आभा छरी
चर्की धेर प्रचण्ड बल्छ दिउँसो वैलिन्छ यो बेलुकी ॥ (३.४९. पृष्ठ २८)
विनाऊर्जा कहाँ बल्छ उज्यालो दीप रातमा ?
अँध्यारोमा धरा रुन्छ आकाश चन्द्रशून्यमा
विना पानी कहाँ झर्छ झर्ना झर्भर झर्झर
विनाहावा कहाँ चल्छन् रूखका पात सर्सर ॥ (१०.१६. पृष्ठ ११०)
हुटिट्याउँ यता रुन्छ उता कुर्लन्छ हाप्सिलो
साँझमा फ्याउरो रुन्छ उग्र ठण्डी कठ्याङ्ग्रिदो
खस्दै छन् तारका चम्की छैन आकाश निर्मल
अमङ्गल छ सङ्केत मिल्दैन गतिलो फल ॥ २०.३५. पृष्ठ २१३)
माथिल्ला दाँत उप्केका अमङ्गल जनाउँछ

स्वप्नाको दोष दुर्भाग्य मृत्यु शङ्का बताउँछ
खिन्न प्रकृति देखिन्छ कतै व्कै खस्न सक्तछ
यद्वा कतै व्यथापूर्ण द्दटना सुन्नु पर्दछ ॥ (२०.३६. पृष्ठ २१४)

प्रस्तुत पहिलो पद्यमा सामान्य अर्थमा सूर्यको तेज बिहान, दिउँसो र साँझ समयानुसार पृथक हुन्छ भनिएको छ भने शक्तिसम्पन शासकहरूको शक्ति पनि उपरशक्तिका आधारमा फरकफरक हुन्छ। कहिले शीतला प्रदान गर्दछ भने कहिले उग्रपीडा दिन पनि पछि पर्दैन। यहाँ प्रकृतिको सौम्य, उग्र र सामान्य रूप प्रस्तुत गरिएको छ। त्यस्तै दोस्रो पद्यमा प्रकृतिमा व्यापक शक्ति छ जुन शक्ति एक अर्काविना अस्तित्त्वहीन हुन्छ। हावा, पानी, तेज, आकाश र पृथ्वी यी पञ्चतत्व हुन् जसको शक्ति एकअर्कामा निहित छ। प्रत्यक मानवमा भएको पृथक पृथक ऊर्जा पनि एक अर्कासँग सम्बन्धित छ अतः सबैका बीचको सुसम्बन्धबाट मात्रै हरेकका जीवन सार्थक हुन्छन् भन्दै प्रकृति र मानवका बीच सम्बन्ध स्थापित गरिएको छ। अन्तिमका दुई पद्यले विपत्ति भोग्नु पर्ने अवस्था पूर्व प्रकृतिले पनि केही सङ्केत गर्दछ भन्ने भाव व्यक्त भएको छ।

**४.१८ राजा पृथुको प्रवृत्ति, देहावसान र अमरता**

गोर्खाको अन्तिम र नेपालको पहिलो राजाका रूपमा राजा पृथ्वीनारायणको इतिहास निकै प्रशंसनीय बनेको छ। हामी उनीलाई राष्ट्रनिर्माताका रूपमा मान्दछौँ। माटो र मान्छे दुबैलाई सदैव सम्मान गर्दै देशको अस्तित्व रक्षार्थ पृथ्वीनारायण शाहको नेतृत्वमा वीर गोर्खाले सहासका साथ लडाइँ गरेर निर्माण गरेको देश हो यो। उनीको त्याग, समर्पण र वीरता प्रकट नभएको भए आज हामी नेपाल र नेपाली भनेर गर्वानुभूति गर्न समेत पाउने थिएनौँ। तेजस्वी, ओजस्वी, वीर, पराक्रामी, मेधावी, कूटनीतिज्ञ, देश निर्माता, साहसी, तन्त्रविद्यामा पारङ्गत, दूरद्रष्टा, जनप्रेमी आध्यात्मिक चेत, साहित्यिक ऊर्जा राजा पृथ्वीनारायणका शाह मूल प्रवृत्ति हुन्। ५२ वर्षमै भएके उनको देहावसानबाट तात्कालिक नेपाललाई अपूरणीय क्षति भएको थियो। संसारमा राजा महाराजाहरू कति जन्मन्छन्, मर्छन, सबैको नाम स्वर्णाक्षरमा लेखिदैन। पृथ्वीनारायण शाह जस्ता वीर, पराक्रामी, भविष्यद्रष्टा र जनप्रेमी राजाको नाम नेपालको राजनीतिक तथा साहित्यिक इतिहासमा स्वर्णाक्षरमा लेखिएको छ। धिरोदात्त गुणले युक्त, मूलतः ऐतिहासिक व्यक्ति नै महाकाव्यको नायक हुनुपर्छ भन्ने पूर्वीय मान्यता रहेको छ। उक्त मान्यताका आधारमा पृथ्वीनारायण शाहलाई काव्य नायक बनाइएके प्रस्तुत पृथु शीर्षकको महाकाव्य वर्तमान सन्दर्भमा निकै उत्कृष्ट मानिएको छ। केही पद्यहरू उदाहरणार्थ निम्नानुसार प्रस्तुत गरिएको छः

राजा सपूत मेधावी कूटनीतिज्ञ उत्तम
देश निर्माणका स्रष्टा वीरताको थियो मन
आराध्य शिवका भक्त सिक्त थे देशप्रेमले
यस्ता राष्ट्रपितालाई बिर्सने छैन देशले ॥ (२१.८. पृष्ठ २१९)
रुढीवादी विरोधी र अन्धविस्वासमा पनि
चेतनाको नयाँ धार प्रवाह गर्दथे उनी

कला साहित्यको निम्ति समयाभाव नै थियो
युद्ध नै युद्धमा सिद्धयो जिन्दगी इह लोकको ॥ (२१.२३. पृष्ठ २२२)
ज्ञान थ्यो पृथुमा ज्यादा देश भूगोलको स्थिति
दुईटा अश्मका बीच दुख्ने तरुलको गति
नेपाल देश हो स्वर्ग खोज्दछन् पस्न दैत्य ती
होसियार सधैं बन्दा हुन सक्छ समुन्नति ॥ (२१.२८. पृष्ठ २२२)
पौराणिक कथा ज्ञान यथेष्ट उनमा थियो
दिव्योपदेश जीवन्त कृतिको रचना भयो
व्रतरत्नमाला लेखे त्यस्तै भजन कीर्तन
साहित्य रत्न नै हुन् यी समयोचित सिर्जन ॥ (२१.३२. पृष्ठ २२३)
माटोको ममता थियो हृदयमा सच्चा थिए सन्तति
आमाकै रजको प्रवाह मुटुमा सञ्चार भो सत्प्रति
आफ्नै देश समाजदेह जनता छाडेर यौद्धा भए
यो उत्क्रान्ति थियो महापुरुषको तारा बनी चम्किए ॥ (२१.३४.पृष्ठ २२३)
पुसलाई विदा गर्दै महिना माघ खोजियो
उत्तरायणको पैलो पवित्र दिन रोजियो
पृथुको नियति प्रश्नै प्रश्नको उपहार भो
पिँजडाबाट यात्रीको उध्र्वोलोक प्रवेश भो ॥ (२०.४०. पृष्ठ २१४)

पृथ्वीनारायण शाह (१७७९–१८३१) उत्तम कूटनीतिज्ञ, वीर पराक्रामी, देश निर्माण कर्ता, अन्धविश्वास, रुढीवादी आदिका विरोधी, कला तथा साहित्यप्रेमी, उदात्त भावना भएका, भूगोल, संस्कृति, भाषा आदिको ज्ञान भएका, देशप्रेमी, जनप्रेमी राजा थिए । उनको जीवन युद्ध गर्दागर्दै लत्रियो । ५२ वर्षकै जोसिलो र गर्विलो उमेरमै राष्ट्रका निमित्त अतुलनीय कार्य गरेर दैहिक जीवन समाप्तिका लागि उत्तरायण अत्युत्तम मानिने माघ महिनाको १ गते उनको देहावसान भयो । पृथुको दैहिक जीवन अहिले नभए पनि उनीले यो माटो र नेपाली जनताका लागि गरेका कार्यहरू अवर्णनीय र अविस्मरणीय बनेका छन् । सबै नेपालीका लागि आकाशका चम्किला तारा बनेर रहेको चर्चा कविद्वारा गरिएको छ । सबै नेपालीहरूको हृदयनिवासी राजा पृथुमा नेपाली माटोप्रति अगाध श्रद्धा थियो, नेपाली जनताप्रति अविस्मरणीय प्रेम थियो ।  यस्तो व्यक्तिलाई महाकाव्यको काव्यनायक बनाएर रचना गरिएको महाकाव्य उत्तमकाव्यका रूपमा रहेको देखिन्छ ।

## ५. निष्कर्ष

महाकाव्यकार सीताराम अधिकारी नेपाली काव्य क्षेत्रमा सफल साधकका रूपमा स्थापित व्यक्तिका रूपमा रहनु भएको छ । समाजका विविध घटना परिघटनाहरूलाई कविता तथा काव्यको विषयवस्तु बनाई सुन्दर कृतिको

रचना गर्न सक्ने क्षमतावान् व्यक्तित्वका रूपमा रहेका सीताराम अधिकारीले ऐतिहासिक विषयवस्तुको छनोट गरी पृथु नामक महाकाव्यको रचना गरी महाकविका रूपमा आफूलाई उभ्याउन सफल हुनु भएको छ । तात्कालिक राष्ट्रनिर्माता राजा पृथ्वीनारायण शाहको वीरता, साहस, आँट, हिम्मत एवं त्याग र योगदानलाई मूल विषयवस्तु बनाई कविद्वारा पृथु शीर्षकको महाकाव्य रचना गरिएको छ । कवि प्रह्लाद पोख्रेलद्वारा काव्यिक शुभकामना र प्राध्यापक हरिप्रसाद पराजुलीद्वारा समालोचना गरिएको २१ सर्गमा रचित उक्त महाकाव्य नेपाली महाकाव्यको लेखन परम्परामा सुन्दर प्रस्तुतिका रूपमा स्थापित भएको छ । ऐतिहासिक विषययवस्तु भए पनि माओवादी युद्धको कारुणिक अवस्था र त्यसले निम्त्याएको जटिल परिस्थिति र शक्ति क्षयीकरणको पनि शब्दचित्र उतारिएको छ । पृथ्वीनारायण शाहकालिन नेपालको इतिहासलाई शब्दचित्रका रूपमा उतारेको प्रस्तुत महाकाव्यमा नेपालको पहिचान, प्राचीन नेपालको स्वरूप, खण्डित नेपालको अवस्था, शासकको कुकृत्य, क्रान्तिको आवश्यकता, नेपालमाथि षडयन्त्रकारीको दृष्टि, न्यायिक विचलन, स्वार्थी र अहङ्कारी प्रवृत्ति, मानवमा आसुरी भाव, युद्धवर्णन, राष्ट्रप्रेम, नीति चेतना, राष्ट्रिय एकताको आवश्यकता,परोपकार र मानवतावादी भावना, आध्यात्मिक ज्ञान तथा पौराणिक प्रसङ्ग, मातृमहिमा र राजा पृथुका प्रवृत्ति, देहावसान र अमरताको महत्वका बारेमा विस्तृत चर्चा गरिएको छ । आफ्नो राष्ट्रप्रति अगाध प्रेम हुनु आवश्यक छ, हरेक समस्या समाधानका लागि राष्ट्रिय एकताको आवश्यकता पर्दछ, वैयक्तिक स्वार्थलाई तिलाञ्जली दिएर राष्ट्रको हितका निमित्त आफूलाई समर्पण गर्नु आवश्यक छ, न्यायप्रणाली चुस्त दुरुस्त हुनु राख्नुपर्छ, छिमेकी राष्ट्रसँग सुमधुर सम्बन्ध राख्नु आवश्यक छ, पद प्रतिष्ठाको कहिल्यै पनि दुरूपयोग गर्नु हुँदैन, अन्याय अत्याचार र भष्टाचारका विरुद्धमा आवाज उठाई स्वच्छ एवं समुन्नत समाजको निर्माणको यज्ञमा जुट्नुपर्दछ जस्ता सन्देशहरू दिंदै राष्ट्रउत्थानका निमित्त देशवासी सबैलाई आह्वान गरिएको छ ।

जनतालाई साना र ठुला भनी भेद नगरियोस्, समताभावका साथ समाजको उत्थान गरियोस्, प्रगतिको गतिलाई स्वस्थ बनाइयोस्, यो पुण्यभूमिलाई कतै पनि क्षतविक्षत नबनाइयोस्, दानवी दृष्टि कतै पनि नहोस्, युद्धका नाममा रगतको खोलो कतै नबगोस्, कसैले पनि पीडा बोध गरेको देख्नु नपरोस्, धन, विद्या, पद, प्रतिष्ठाका कारण कोही पनि नमात्तियून्, उद्योगी एवं परिश्रमी हातहरू सदैव सम्मानित होऊन्, हामी भन्न छौँ भन्ने भाव कतै नहोस्, यो राष्ट्रको उन्नतिका लागि थौरै भए पनि केही दिन सकियोस् भन्ने जस्ता भावहरू भएका कविका वैचारिक पक्षसँग सम्बन्धित छन् । राष्ट्रलाई सर्वोत्तम स्थानका राखी यसको संरक्षण, संवद्र्धन, विकाश गर्नका लागि आफूलाई समर्पण गर्नुपर्छ र जीवनलाई परोपकारका निमित्त प्रयोग गरी सबैका कल्याणका लागि कर्मयोगी बन्दै यो दैहिक जीवनलाई समाप्त पारी अजरामर बन्न सक्नु नै जीवनको सार्थकता हो भन्ने सन्देश माथिका प्रसङ्गहरूले प्रस्तुत गरेका छन् । समष्टिमा भन्ने हो भने मानवतावाद र राष्ट्रप्रेमलाई केन्द्रविन्दुमा राखेर रचना गरिएको प्रस्तुत पृथु शीर्षकको महाकाव्य नेपाली महाकाव्यको श्रृङ्खलामा सफल महाकाव्यका रूपमा स्थापित भएको छ भन्दा अत्युक्ति नहोला ।

## सन्दर्भ सामग्री

१. विश्वनाथ, साहित्यदर्पण, (व्याख्याकार सत्यव्रत सिंह) वाराणसीः चौखम्बा विद्याभवन, ई. १९६३ पृ ५४९ ।

२. शर्मा नेपाल विनयकुमार, नेपाली महाकवि र महाकाव्य, भाभा पुस्तक भण्डार चावहिल, काठमाडौं, २०५९, पृष्ठ ४२) ।

३. पोखरेल, ऋषिराम र अन्य सम्पा. संस्कृतमा के छ ? गोविन्द आचार्य, प्राच्य राजशास्त्र एवं नीतिशास्त्रको परिचयात्मक प्रस्तुति, जयतु संस्कृतम् २०६१, पृष्ठ २०२)

४. महेन्द्र संस्कृत विश्वश्वविद्यालय, संस्कृत नेपाली बृहत् शब्दकोश, २०५७,

५. लामिछाने मधुसूदन, पडित नरेन्द्रनाथ रिमालप्रणीत महाभारतको विश्लेषण, नुवाकोट साहित्य प्रतिष्ठान, २०७१)

६. आचार्य श्री पथिक, योगपथ, पथिक पब्लिकेशन्स, सतुङ्गल ५, काठमाडौं, २०७१,

७. श्रीमद्भगवत्गीता, (२०७५), महेश संस्कृत गुरुकुल, देवघाट, तनहूँ।

८. भट्टराई, होमनाथ, जिज्ञासा, प्रकाशक, मीरा र रिना शर्मा, २०८०,

९. संस्कृत नेपाली बृहत् शब्दकोश, (२०५७), महेन्द्र संस्कृत विश्वविद्यालय बेलझुण्डी, दाङ,

१०. महर्षिवेदव्यासप्रणीतं, श्रीमद्भागवतमहापुराण, (२०७२) गीताप्रेस, गोरखपुर।